
# एक परिवारले तिनीहरुको घरमा येशुको उपासना गरे

नानीहरुले सिक्ने क्रियाकलापहरु मध्ये कुनै पनि चुन्नुहोस्

**प्रार्थना।** "प्रिय प्रभु, ख्रीष्ट येशूको बारेमा सुनाउन अनि तपाईको उपासना गर्नलाई विश्वासीहरुको घरहरुकोमा मानिसहरु भेला गराउनमा मदत गर्नुहोस्।"

फिलिप्पीका झ्यालरवानका हाकीमको कथा प्रेरित 16:22-36 बाट ठूला नानी वा शिक्षकले मुखस्थे सुनाउनु होस् वा पढ्नुहोस। एउटा परिवारले परमेश्वरको उपासना तिनीहरुको घरमा कसरी गरे भनी देखाउँछ।



कथा सुनाए पश्चात्त यी प्रश्नहरु गर्नुहोस्। [उत्तरहरु हरएक प्रश्नहरुको बादमा पाउनु हुन्छ।]

- अदालतका हाकीमहरुले पावल र सिलाससित कस्तो व्यवहार गरे? [पद 23-24]
- आधा राततिर पावल र सिलास झलयालरवान भित्र के गर्दै थिए? [पद-25]
- झ्यालखानका हाकीमले आफैलाई किन मार्न चाहन्थे? [पद 26-27]
- झ्यालखानका हाकीम अनि तिनका परिवारले मुक्ति कसरी पाए? [पद 31]
- रातको कुन पहरमा झ्यालखानका हाकीम र तिनका परिवारले बप्तिस्मा लिए? [पदहरु 25 र 32-34]

झथालखानका हाकीम र तिनको परिवारको कथाका भागहरुलाई नाटकमा उतार्नुहोस्।

- यो छोटो नाटकलाई प्रस्तुतगर्नको निम्ति मुख्य मण्डलीका अगुवाहरु सित व्यवस्था मिलाउनुहोस्।
- नाटक तयार पार्नलाई नानीहरुसित समय बिताउनुहोस्, तपाईले सम्पूर्ण भागहरु चलाउन जरुरी छैन्।
- नाटक तयार पार्नमा ठूलाहरुले सानाहरुलाई मदत गरुन्।
- ठूला नानीहरु वा प्रौढ़हरुले यी भागहरु खेलुन:

**पावल**

**झ्यालरवानका हाकीम।** दुइवटा साँङगलाहरु प्रतिनिधित्व गर्नलाई डोरी खोज्नुहोस् अनि केहि थोकले तरवारलाई बुझाउनलाई।

**कथक।** कथालाई छोटकरीमा सुनाउने। एउटा बोरामा वा थैलीमा ढुङ्गाहरु जम्मा गर्नुहोस् वा किताबहरु एउटा टेवलको किनारमा राख्नुहोस्।

**पावल- तिमोथी बालकहरुको अध्ययन मण्डली स्थापन एस. 5 बी**

- किशोर बालकहरुलाई सिलास, अदालतका हाकीम, कैदीहरु अनि झ्यालखानका हाकीमका परिवारको पाठहरु गर्न लाउनुहोस्।

**कथकः** प्रेरित 16:22-28 बाट कथाको पहिलो भाग सुनाउनु होस्। त्यसपछि भन्नुहोस्, "सुन्नुहोस् अदालका हाकीमले के भन्दछ।"

**अदालतका हाकीमः** "काराध्यक्ष! पावल र सिलासलाई झ्यालखानमा हालिदेऊ। तिनीहरुको पिटाई गर। अनि ठीक रक्षा गर।"

**काराध्यक्षः** तिनीहरुको खुट्टा साङ्ग्लाहरुले बांधी दिनु (गांठो नपार्नु होस्)। त्यसपछि भन, "म यिनीहरुलाई साङ्गलाहरुले बाँधेर मित्री कोठामा हाल्नेछु र मेरो जीवनको बाजी लगाएर तिनीहरुलाई रक्षा गर्नेछु।"

**पावल अनि सिलासः** टेबलको मनि बस र गीत गाओ।

**काराध्यक्षः** "भुईंचालो!" (टेबललाई जोड्ले हल्लाउने ताकि टेबल माथिको ढुङ्गा र किताबहरु झरून।)

**पावल अनि सिलासः** साङ्गला निकाल्दछ अनि खड़ा हुँदछ।

**कैदिहरुः** "हामी स्वतन्त्र भयौं! ढोकाहरु खुलाछन्।"

**काराध्यक्षः** तरवार उठाओ। भन, "अहो होईन! कैदीहरु भागेछन्। मैले आफैलाई मार्नै पर्छ।"

**पावलः** कराउँछ, "होइन हजूर! आफैलाई नोक्सान नगर्नुहोस्। हामी सबै यहीं नै छौं।"

**उदघोषकः** कथाको दोस्रो भाग प्रेरित 16:29-33 बाट सुनाउनुहोस्। त्यसपछि भन्नुहोस् "सुन्नुहोस् काराध्यक्षले के भन्दछ।"

**काराध्यक्षः** "एउटा बत्ती ल्याउ। म पावल र सिलासलाई हेर्न चाहन्छु।" त्यसपछि पावल र सिलासको अघि घुँड़ा टेक्नु अनि जोड्ले सोध्नुहोस्, "मैले के गरेदेखि उद्धार पाउँनसक्छु?

**पावलः** प्रभु येशु ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईले उद्धार पाउनुहुनेछ र तपाईको परिवारले।"

**काराध्यक्षको परिवारः** "हामी पनि येशुमा विश्वास गर्न चांहन्छौं।"

**काराध्यक्षः** मलाई तपाईहरुको घाउ सफा गर्नदिनुहोस। त्यसपछि हामी सबै आज रातीनै बप्तिस्मा लिन चाहन्छौं।"

**कथकः** कथाको तेस्रो भाग प्रेरित 16:34-36 बाट सुनाउनुहोस। त्यसपछि भन्नुहोस्, "सुन्नुहोस् काराध्यक्षले पावल र सिलासलाई के भन्दछ।"

**काराध्यक्षः** म आनन्दले भरपूरछु किनभने मेरा सारा परिवारले विश्वास गरे अनि बप्तिस्मा लिए। आउनु होस्, मेरो घरमा तपाईहरुको निम्ति भोजन तयार पारेकाछौं।"

**अदालतका हाकीमः** टेबलकोमाथि ठक्ठकाउनु अनि भन्नु, "शुभ प्रभात काराध्यक्ष। अब पावल र सिलासलाई मुक्त गर र जानदेओ।"

**काराध्यक्षः** "भाइहरु, तपाईहरुले येशुको शुभ खबर मेरो परिवारमा ल्याइदिनुभएको निम्ति धन्यबाद शान्तीसित जानुहोस्।"

**कथक वा ठूला नानीः** नाटक सिद्धे पछि सबै सहयोग गर्ने र नाटकमा भाग लिनेहरुलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरु।** यदि नाटक प्रौढ़हरुको निम्ति प्रस्तुत गरेमा नानीहरुले माथिका प्रश्नहरु प्रौढ़हरुलाई सोधुन।

नानीहरुलाई सोघ्नु होस्: हामीले परमेश्वरको उपासना र सेवा हाम्रा घरहरूमा अरु कुन तरीकाले गर्न सकछौ उदाहरणहरु दिनुहोस्?

तपाईको गाँव शहरमा भएको एउटा आदर्श घरको चित्र कोर्नुहोस्। नानीहरुलाई नकल गर्न लगाउनुहोस् अनि आराधनाको समयमा प्रौढ़हरुलाई देखाउन् अनि हामीले घरमा वा कतै पनि परमेश्वरको उपासना गर्न सक्छौ भनी बुझाउन लगाउनु होस्।



यूहन्ना 4:24 कण्ठस्थ गर्नुहोस्।

**कविता:** तीन जना नानीहरु प्रत्येकले एक एक पदगरी भजन संग्रह 136:1-6 बाट पाठ गरुन। सम्पूर्ण झुण्डलाई प्रत्येक भाग दोहोर्‍याउन लगाउनुहोस्, "उहाँको प्रेम संधैभरी रहिरहन्छ।"

ठूला नानीहरुलाई घरभित्रको उपासना बारे कविता वा गीत लेख्न लाउनुहोस्।

**प्रार्थना:** "प्रिय प्रभु, तपाईलाई धन्यवाद किन कि हामीले जहीं पनि जुन समय पनि तपाईको उपासना गर्न सक्छौं। हामी सानै झुण्डमा भए पनि केहि छैन्। तपाईलाई धन्यवाद किनभने तपाई हाम्रा सारा परिवारलाई तपाईमा ल्याउन भएको छ। हाम्रा सारा हृदयले तपाईलाई पुज्न हामीलाई मदत गर्नुहोस्।

**यदि तपाईले अहिले सम्म पावल तिमोथी अध्ययन बालकहरुको शिक्षकहरुको निम्ति मार्गदर्शन, पढनु भएको छैन तर बालकहरुलाई सिकाउँदै हुनुहुन्छ भने, त्यो तपाईले अहिले नै गरीहाल्नुहोस्।**

# परमेश्वर कस्तो हुनुहुन्छ भनी हामीलाई देखाउन येशुले कथाहरु प्रयोग गर्नुभयो

नानीहरुलाई सिकाउनेले अध्ययन एस 7 बी पढ्नु पछे।

## 1 येशुको कथाबाट परमेश्वरको बारे सिक्नलाई तपाईको हृदय तयार पार्नुहोस्

"प्रिय बुवा, यस पृथ्वीमा शुभ समाचार ल्याउन भनी येशुलाई पठाउनु भएको निम्ति तपाईलाई धन्यवाद। तपाईको उपदेश हामीले बझ्नको निम्ति उहाँको कथाहरुको निम्ति धन्यवाद। यो अचम्भको कथालाई अरुलाई सुनाउनको निम्ति हामीलाई मदत गर्नुहोस्।



येशू संसारको सबैभन्दा प्रभावशाली दूत हुनुहुन्थ्यो। मानिसहरुले उहाँको उपदेश बुझ्न सकोस् भनी येशूले कथा अनि उखानहरुलाई साधरण उदाहरणको रुपमा प्रयोग गर्नु हुन्थ्यो। येशुले कथाहरु भन्नु हुन्थ्यो किनभने मानिसहरुको निम्ति बुझ्न, याद गर्न र अरुलाई बाँटन सजिलो हुँदथ्यो। उहाँको कथाहरुले सत्यतालाई संचार गर्थे जो मानिसहरुको निम्ति बहुमुल्य सावित हुँदथ्यो,जसलाई तिनहिरूले उत्तेजना साथ तिनीहरुको परिवार र मित्रहरुलाई बाँड्दथे। सुसमाचार यहूदी मानिसहरु माँझ चाँडै फैलिएर गयो। यहाँ केहि सत्यताहरु छन्, जो येशुको कथाहरुमा हामीलाई प्रकाश पार्दछ।

- परमेश्वरले प्राय: रहस्यमय तरीकाले काम गर्नुहुन्छ। येशुको कथाहरु मानिसहरुले सजिलैसित बुझ्नलाई उदभितहरुको रहस्यमय बृद्धि र अन्य विषयहरुलाई तुलना गर्दछ।
- परमेश्वर मानिसहरुसित काम गर्नुहुन्छ किन कि मानिसले आफैलाई दुर्बल वा महत्वहीन सम्झन्दछन्।
- येशुको उपदेश, अरु धर्मको उपदेशहरु जस्तो होइन, शक्तिशाली अनि ताजा छन्।
- येशुले भन्नुभयो कि परमेश्वरले हामीलाई खोजी रहेछ; उहाँले हामीलाई हाम्रा पापहरुबाट बचाउन चाहनुहुन्छ।
- जब हामीले पश्चताप गर्दछौं अनि उहाँमा भरोसा राख्दछौं परमेश्वरले हामीलाई येशूद्वारा बचाउनुहुन्छ।
- परमेश्वरले हामीलाई काम दिनुहुन्छ। हामीले उहाँलाई भय बिना तर आनन्द साथ उहाँको सेवा गरेको चाहनुहुन्छ।
- परमेश्वरले उहाँको सेवा गर्नेहरुलाई इनाम दिनुहुन्छ अनि उहाँलाई अवहेलना गर्नेहरुलाई दण्ड दिनुहुन्छ।

कथाहरुको यी छ वटा उादाहरणहरु पढ्नुहोस् जो येशुले उहाँको राज्य बारे सत्यताहरु प्रकाश गर्नलाई प्रयोग गर्नु भएको थियो। प्रत्येक पल्ट तपाईले एउटा कथा पढ्दा त्यसलाई बुझ्नको निम्ति परमेश्वरसित मदत मांग्नुहोस्। प्रत्येक कथाहरुमा तपाईलाई कुन कुरोले परमेश्वरलाई बुझ्नको निम्ति मदत गदेछ अनि उहाँले तपाईलाई के गरेको चाहनुहुन्छ पत्तो लगाउनुहोस्।

तपाईले रायोको बिउबाट के सिकेको परमेश्वरले चाहनुहुन्छ:

- खमीर र रायोको बिउले के प्रतिनिधि गर्दछ।
- परमेश्वरको राज्य कसरी शुरु हुँदछ अनि जसरी त्यो बड्दछ तब के हुदँछ।

एउटा पुरानो लुगा र एउटा पुरानो भाँड़ाको कथा लूका 5: 36-38 मा पाउनु हुन्छ।

**पावल-तिमोथी गोठालाको अध्ययन बाइबल सम्बन्धित शिक्षा एस 7 ए.**

- नया टालो अनि नयाँ मद्ध्यले के प्रतिनिधि गर्दछ।
- येशुको संदेश अरु अन्य र पुरानो धार्मिक संदेशहरुसित कसरी तुलना गरिन्छ।

हराएको सिक्काको कथा लूका 15:8–10 मा पाउनुहुन्छः

- स्त्री अनि हराएको सिक्काले कसलाई प्रतिनिधि गर्दछ।
- परमेश्वरले हराएकाहरुलाई किन आत्तुरी साथ खोज्नु हुन्छ, अनि तिनीहरुलाई पाए पछि उहाँले के गर्नुहुन्छ।

एउटा पश्चतापी महशुल उठाउनेको कथा लूका 18:10–14 मा पाउनु हुन्छः

- फरिसीहरुको आचरणले परमेश्वरलाई किन खुशि तुल्याउँदैन।
- हामी परमेश्वरमा कसरी आउन पर्छ।

एउटा विश्वासी नोकरको कथा मत्ति 24:45–51 मा पाउनुहुन्छः

- कसले विश्वासी नोकरको प्रतिनिधि गर्दछ अनि उसको कामले के लाई प्रतिनिधि गर्दछ।
- कुन आचरणले हामी परमेश्वरको सेवा गर्छौं।

विवाहको भोजको कथा मत्ति 25:1–13 मा पाइन्छः

- जसले ख्रीष्टको सेवा विश्वाससाथ गर्दछ केले पर्खिरहन्छ अनि जसले उहाँको सेवा गर्न चुक्दछ केले पर्खिरहन्छ।
- विवाहको भोजले केलाई प्रतिनिधि गर्दछ (मदतको लागि प्रकाश 19:1–10 हेर्नुहोस्।)

हामीले पनि परमेश्वरको सत्यतालाई सुचित गर्न नयाँ अनि पुरानो नियमहरुदेखि बाइबलका कथाहरु सुनाउनु पर्छ। कथाहरुलाई हामीले पढ्न सकछौं मुखस्त बताउन, गाउन, अभिनय गर्न वा नाक्साहरुको क्रममा देखाउन सकछौं।

2. हप्ताभर गरीने क्रियाकलापहरु सहकर्मीहरुसित मिलाउनु होस्।

- ख्रीष्टलाई अहिले सम्म नचिनेका मानिसहरु अनि विश्वासीहरु दुवैलाई भेटघाट गर्नुहोस्। तिनीहरुको खाँचोलाई पुरयाउने ती कथाहरु तिनीहरुलाई पुरानो र नयाँ नियमहरु दुवैवाट सुनाउनुहोस्। कथाले बताए अनुसार तपाई अनि सुन्नेले त्यसलाई ब्यवहारमा कसरी ल्याउनु परमेश्वरले देखाईदिऊन भनि बिन्ति गर्नुहोस्।
- येशुको बारेमा अरुलाई सुनाउदाँ अनि सिकाउँदा तपाईको सहकर्मीहरुले बाइबलका कथाहरु कसरी प्रयोग गर्नु पर्छ भनी छल-फल गर्नुहोस्। ती कथाहरु मात्र चुन्न हवस जसले तपाईको संस्कृतिका मानिसहरुले शुभ समाचार बुझ्नलाई मदत दिन सक्छन्। बाइबलका कथाहरु सुनाउँदा प्रशिक्षण सामग्रीहरु र प्रचारकको हथियारहरु प्रयोग गर्नुहोस्।
- मण्डलीका सदस्यहरुलाई पनि बाइबलका कथाहरु तिनीहरुका मित्रहरुलाई कसरी सुनाउने अनि आराधनाको समयमा कसरी गर्ने भनी देखाउनु होस्। कथाहरुलाई गीत, नाटक, कविता अनि चित्रहरु द्वारा तिनीहरुले प्रस्तुत गरुन्। कोहि विश्वासी चित्रकार छन् भनें कथालाई व्याखा गर्न चित्रहरु बनाउन लगाउनुहोस्।

## 3. आउने उपासनाको निम्ति सहकर्मीहरु सित योजना गर्नुहोस्।

तपाईले अध्ययन गरीसक्नु भएको येशूको उखानहरुलाई एक वा बड़ीमा अभिनय गर्नुहोस् वा सुनाउनुहोस। यदि ती घटनाहरु तपाईको आफ्नै संस्कृतिमा हुने भए यी कथाहरुलाई कसरी भन्नु हुन्थ्यो भनी मानिसहरुलाई कल्पना गर्नमा मदत गर्नुहोस्।

तपाईले भाग-1 (माथि) मा पाउनुभएको विषय बारे प्रश्नहरु सोध्नुहोस्।

येशुले उहाँको कथाहरुमा परमेश्वरको सत्यताहरु बारे कसरी जाहेर गर्नुभयो बुझाउनु होस्।

प्रभुभोज परिचय गर्नलाई मत्ति 25:1-13 मा बुद्धिभती र निर्बद्धि कन्याहरु विवाहको भोजमा गएको बारेमा येशूले भन्नुभएको कथालाई प्रयोग गर्नुहोस्। प्रभु भोजले हामीलाई येशूसित एउटा विशाल विवाहको भोजको मिठास दिंदछ जो हाम्रो स्वर्गीय इनाम हुनेछ भनि बुझाउनुहोस्।

नानीहरुले तयार पारेका नाटक, कविता र प्रश्नहरु प्रस्तुत गर्नलगाउनु होस्।

परमेश्वरको सत्यता बारे तिनीहरुलाई प्रकाश दिनलाई परमेश्वरले बाइबलका कथाहरुलाई कसरी प्रयोग गर्नुभयो त्यस बारे विश्वासीहरुलाई गवाही दिन भनि आग्रह गर्नुहोस्, अनि शुभ समाचार अरुलाई दिनमा सहायता गर्नुहोस्।

प्रार्थना गर्न अनि एकार्कालाई परामर्श दिनलाई अनि येशुले भन्नु भएको कथाहरु सिक्न योजनाहरु पक्का गर्नलाई अनि मित्रहरु र परिवारहरुलाई ती थमाई दिनलाई, दुइ वा तीन व्यक्तिहरुको झुण्ड बनाउनुहोस्।

यूहन्ना 8:12 एक साथ कण्ठस्थ पार्नुहोस्।

# येशू असल कथाकथक

नानीहरुले येशूको कथाहरु सिक्न अनि अरुलाई बताउनलाई मदत गर्नु

**प्रार्थनाः** प्रभु क्षमा नदिने नोकर बारे येशुको कथाबाट नानीहरुले अरुलाई क्षमा गर्न सिक्नलाई मदत गर्नुहोस्।

नानीहरुको सिक्ने क्रियाकलापहरु कुनै पनि चुन्नुहोस्।

नानीहरुलाई यो चित्र नकल गर्न लगाउनुहोस्।



स्पेस फर पिक्चर

क्षमा नदिने नोकरको कथा ठूला नानी वा शिक्षकले मत्ति 18:21-34 बाट मुखस्थ सुनाउन वा पढ़ीदिऊन। हाम्रो विरुद्धमा पाप गर्नेलाई हामीले कसरी संधै क्षमागर्नपर्छ बुझाउनलाई येशुले कथा प्रयोग गर्नुभयो।

कथा सुनाएपछि यी प्रश्नहरु गर्नुहोस् [उत्तरहरु प्रत्येक प्रश्नको बादमा राखीएको छ।]

- के मानिसहरुलाई क्षमादिन हामीले बन्दगरौं? [पद 21 हेर्नुहोस्। हामीले संधै क्षमा गर्नैपर्छ।]
- ऋण तीर्न नसकने नोकरलाई मालिकले के गरे? [पद 27]
- त्यही नोकरले अर्को साथी-नोकरबाट तिनको ऋण फिर्ता लिनलाई के गरे? [पद 30 हेर्नुहोस्।]
- मालिकले त्यसप्रति कस्तो प्रतिक्रिया देखाए? [पद 34 हेर्नुहोस्।]
- हाम्रो विरुद्धमा पापगर्नेहरु प्रति कस्ता व्यवहार गरेको हाम्रा स्वर्गमा हुने प्रभुले चाहनुहुन्छ? [पद 35 हेर्नुहोस्।]

क्षमा नदिने नोकरको कथाको भागहरुलाई नाटकीय रुप दिनुहोस्। नानीहरुले यो नाटक प्रस्तुतगर्नलाई मण्डलीका अगुवाहरुले व्यवस्था मिलाउनु होस्। नाटक तयार पार्नलाई नानीहरुसित समय बिताउनुहोस्। तपाईले सम्पूर्ण भागहरु नचलाए पनि हुन्छ। ठूला नानीहरुले सानाहरुलाई सहयोग गरीदिऊन्।

- ठूला नानीहरु वा प्रौढ़हरुले कथक, मालिक (कागजको साथमा अनि अधन्यवादी नोकरको पाठहरु खेलुन्।
- किशोर नानीहरुले पत्रुस, मित्रहरु, काराध्यक्ष अनि दोस्रो नोकरको भागहरु गरुन्।

**कथकः** कथाको पहिलो भाग सुनाउनुहोस् (पद 21-27) त्यसपछि भन्नुहोस् "सुन्नुहोस् पत्रुसले येशूलाई के प्रश्न गर्दछ।"

**पत्रुसः** माथि हेर्दछ अनि भन्छ, "प्रभु, मेरो भाइलाई मैले कति पल्टसम्म क्षमा गरुँ?"

**कथकः** "प्रभु येशूले एउटा मालिक अनि तिनको नोकरको बारेमा कथाबाट उत्तर दिनुभयो। नोकरले मालिकलाई धेरै पैसा तिर्नुथियो। मालिकलाई सुन्नुहोस्।

**मालिकः** "यो तैले ऋण लिएको कागज पत्र हो। यसले देखाउँछ कि तैले घेरै ठूलो ऋण फिर्ता गर्नुछ। तैंले तिर्नपर्ने मलाई दिइहाल नत्र भनें म तँलाई अनि तेरो परिवारलाई कभाराको रुपमा बिक्रि गरीदिनेछु।"

**अधन्यवादी नोकरः** घोड़ा टेकेर बिन्तिभाव टक्र्याउँछ, "ममाथि दया गर्नुहोस्! म तपाईको जम्मै तिरिदिनेछु। धीरज धर्नुहोस्।"

**मालिकः** कागज–पत्र च्यात्दै अनि भन, मेरो तँमाथि कृपा भएको छ। म तेरो सबै ऋण माफ गरीदिन्छु।"

**कथकः** कथाको दोस्रो भाग पद 28–35 बाट सुनाउनुहोस्। त्यसपछि भन, "हेर्नुहोस् त्यो अधन्यवादी नोकरले के गर्दैछन्।"

**अधन्यवादी नोकरः** मालिक को साम्ने देखि गई हाल्छ, दोस्रो साथी नोकरलाई पक्रेर हल्लाउँदै भन, "तेरो ऋण मलाई अहिलेनै तिरिहाल।"

**साथी नोकरः** घुँड़ा टेकेर बिन्ति गर्छ, "म माथि द्या गर्नुहोस्। म तपाईको जम्मै ऋण चाँड़ै तिरिहाल्छु।

**अधन्यवादी नोकरः** "होइन, काराध्यक्ष, यसलाई लैजानुहोस्।"

**काराध्यक्षः** साथी नोकरलाई ताँन्दै यसो भन्दै लानु, "तैंले ऋण नतिरुञ्जोल सम्म झ्यालखानामा बस्नु पर्छस्।"

**मित्रहरुः** मालिक कहाँ जान्छन् अनि भन्छन्, "मालिक तपाईले क्षमा दिनु भएको नोकरले अर्कोलाई क्षमा गर्दैन! त्यसले अर्को साथीलाई थोरै पैसा फिर्ता नगरेकोमा झथालखानमा हालीदिए।"

**मालिकः** त्यो अधन्यवादी नोकरलाई बोलाउँछ। "तँ यहाँ आइज। (अधन्यवादी नोकर आउँछ।)

**अधन्यवादी नोकरः** कुद्दै आएर, शिर झुकाएर भन्छ, "हजूरको सेवामा हाजिरछु, महान अनि दयालू मालिक।"


**मालिकः** (रिसाएर) "मैले तँलाई क्षमा गरे झै तैंले किन क्षमा गरीनस्? काराधक्ष्य यसलाई लगी हाल!"

**काराध्यक्षः** अधन्यवादी नोकरलाई ताँन्दै भन्दछ, "तैंले पैसा नतिरे सम्म झथालखानमा हुनेछस्।

**कथक वा ठूला नानीः** मदत गर्ने सबैलाई धन्यबाद दिनोस्।

यदि यो नाटक नानीहरुले प्रौढ़हरुलाई देखाउँछन् भनें तिनीहरुले प्रौढ़हरुलाई माथि सुचित गरेका प्रश्नहरु साधुन्।

नानीहरुलाई सोध्नुहोस्, "परमेश्वरको राज्यको बारेमा मानिसहरुलाई सिकाउन येशुले बताउनु भएको कथाहरुको अरु उदाहरणहरु के के छन्? (नानीहरुलाई उदाहरण दिन लगाउनुहोस्।)



एउटा राजाको राजकीय मुकुटको चित्र कोर्नुहोस्। नानीहरुलाई नकल गर्न लगाउनुहोस् अनि तिनीहरुको चित्रहरु अर्को आराधनाको समयमा प्रौढ़हरुलाई देखाऊन वा घरमा बाबु आमालाई देखाऊन।

- नानीहरुलाई बुझाउन दिनुहोस् कि यो राजाको राजकीय मुकुटले येशुको कथालाई व्याखा गदेछ।
- परमेश्वर हाम्रो आत्मिकी राजा हुनुहुन्छ। हामीले उहाँलाई जम्मै तिर्नपर्छ।

- कहिले कहीँ हामीले जति गर्नपर्छ त्यति उहाँको सेवा गर्दैनौं, तरै पनि उहाँले हामीलाई क्षमा गर्नुहुन्छ।

  जसरी येशू हाम्रा मालिकले हामीलाई क्षमा गर्नुभयो त्यसैगरी हामीले अरुलाई क्षमा गर्नुपर्छ।

  कलस्सी 3:16 कण्ठस्थ गर्नुहोस्।

  कविता। तीन जना नानीहरुले एक एकपद गरी भजन संग्रह 45:1, 2 र 4 पाठ गरुन्।

  विश्वासी नोकरको येशुको कथा बारे ठूला नानीहरुले कविता, गीतहरु वा नाटकहरु लेखुन।

**प्रार्थना:** "प्रिय प्रभु अनि राजा, हामी सित जे पनि छन् ती तपाईबाट कै आशिष हुन्। तपाईले हाम्रा पापहरु क्षमा गर्नुहोस् अनि दुष्टहरु देखि स्वतन्त्र गर्नुहोस्। हामीले कहिले कहीं अरुलाई क्षमादिन भुल्दछौं। तपाईले झैं क्षमा गर्नमा हामीलाई मदत गर्नुहोस्।

# परमेश्वरले भनें झैं गर्नलाई नानीहरुलाई सिकाउनु


नानीहरुलाई सिकाउनेले अध्ययन टि. 1 बी पढ्नुपछे।

**प्रार्थनाः** "प्रिय प्रभु, हाम्रा नानीहरुले प्रेम गर्न अनि तपाईको आज्ञापालन गर्नलाई, अनि तिनीहरुको परिवार र मित्रहरुलाई सम्वन्धमा ल्याउन मदत गर्नुहोस्।"

## 1. नानीहरुको शिक्षकहरुलाई परमेश्वरको बचनले तयार पार्नु

नानीहरुलाई कसले सिकाउन पर्छ। विशेष आमा बाबुहरुले तिनीहरुका नानीहरुलाई येशूको पछि लाग्न, शिक्षा दिन अनि प्रेभसित तिनीहरुलाई अनुशासीत राख्नलाई तालीम दिनुपर्छ।

- अयूबले गरे झैं ईसाई परिवारहरुमा दैनिक पारिवारिक उपासनाको समय हुन पर्छ। परमेश्वरको वचन बारे नानीहरुसित बातचित अनि प्रार्थना गर्नपर्छ।
- बुवाले के गर्नु भनेर एफिसी 6:4 ले भन्दछ?
- माता पिताले के गर्नु भनी हितोपदेश 23:13 ले भन्दछ?



- नानीहरुले पनि प्रायः अरु नानीहरुलाई असर पार्ने गरी सिकाउँछन्।



**ज्योति तिमीले तिम्रोकाम राम्रो गरयौ। मोहन र शाहजीलाई पनि तिनीहरुको काम सिध्याउनलाई तिमीले मदत गर।**

**जब तिमीहरुले मलाई मदत गर्दछौ, तिमीहरुले धेरै सिक्छौ अनि सानाहरुलाई घेरै सिक्नमा मदत गर्नसक्छौ। तिमीहरु आफैले पनि एउटा नेता कसरी बन्नु सिक्ने छौ।**

- ईसाई मित्रहरु अनि नातेदारहरुले हप्ता भरी नानीहरुलाई तालेम दिनमा मदत गर्नुपर्छ। तिनीहरुलाई बाइबलका कथाहरु सुनाउनुपर्छ, संग संगै प्रार्थना गर्नु अनि तिनीहरुले के गरीरहेका छन् तिनीहरुको सुन्नु पर्छ।

**अभिषेक, तिमीले घेरै मेहनत सित काम गरयौ अनि तिमी यो प्राप्त गर्ने योग्यकाछौ।**

**तिमीले मलाई सिकाउनमा मदत गरयौ त्यही विषयहरु नानीहरुलाई हप्ताभित्र तिमीले सिकाउन सक्छौ।**



**पावल तिमोथी गोठालाको अध्ययन नेताहरुलाई प्रशिक्षण, टि. 1 ए.**

- गोठालाहरुले पावल तिमोथी बालकहरुको अध्ययन शिक्षकहरुको निम्ति प्रबन्ध गर्न सक्छन्, अनि मुख्य आराधनाको केहि अगाड़ि नानीहरुले प्रौढ़हरुलाई जे प्रस्तुत गर्नेछ तयार गर्नलाई व्यवस्था मिलाउन सक्नुहुन्छ।

**नानीहरुलाई सिकाउनको निम्ति मार्ग निर्देशन:**

- समयको अघिनै, ठीक संग तयार गर्नुहोस्।
- कथाहरु सुनाउनुहोस् अनि नानीहरुलाई अभिनय गर्न लगाउनुहोस्।



**नानीहरुले यो सत्यलाई कसरी सिक्नसक्छ? म जाँन्दछु। यसको बारेमा एउटा बाइबलको कथा तिनीहरुलाई सुनाउनेछु।**

**जब तिनीहरु गोलो भएर बस्दछ तिनीहरुले एका दुस्रालाई देख्न सक्छन् अनि अझ राम्ररी भाग लिन सक्छन्। तिनीहरुले प्रौढ़हरुको निम्ति पनि अभिनय गर्न सकछन्।**

- प्रत्येक नानीहरुको निम्ति प्रार्थना गर्नुहोस्। परमेश्वरले नानीहरुको वास्ता गर्नुहुन्छ। धर्मशास्त्रले त्यसलाई प्राय: उल्लेख गर्दछ।
- असल नेताहरु अनि गोठालाहरुले मण्डलीको आराधणामा नानीहरुलाई सामेल गर्दछ, जसरी मोशा, यहोशू अनि एज्राले गरेथे, सुन्नलाई मात्र होइन तर प्रौढ़हरु संग-संगै कामगर्नलाई पनि। पावल तिमोथी बालकहरुको अध्ययनले क्रियाकलापहरु तयार पार्न र प्रौढ़हरुलाई प्रस्तुत गर्नलाई सुझाव दिंदछ।
- नानीहरुले छुट्टी मन पराउँछन् अनि विश्वासीहरुको जम्घट् हुँदा खेलकुद, भोज जन्मदिन इत्यादि घटनाहरु रुचाउँछन्। हामीले किन छुट्टी मंनाइ रहेका छौं भनि सिकनलाई नानीहरु खुशि हुन्छन् परमेश्वरले विदाको दिनहरु अनि स्मारकहरु स्थापना गर्नुभयो, जसमा कि नानीहरुले उहाँको महान कार्यहरु भुल्नेछैन् (यहोशू 4:1-7; प्रस्थान 12:24-27)
- नानीहरुलाई चाखलाग्ने विषयहरुमा व्यस्त राख्नुहोस् तिनीहरुले विभिन्न थोकहरु बनाउन रुचाउँछन्।

**नानीहरु तिमीहरुको घेरै शक्तिछ! तिमीहरु केहि गर्न चाहन्छौ। यसकारण म तिमीहरुलाई बसी रहेको चाँहदिन। तिमीहरु उदास भए पनि म गाली गर्नेछैन्, म तिमीहरुलाई केहि बनाउन दिनेछु, किनभने तिमीहरु सृजनात्मक छौ। आऊ मलाई मदत गर, शामुएल!**



- तिनीहरुले चीजहरु बनाउन मन पराउँछन्।
- परमेश्वरलाई प्रेम गर्न अनि डराउन दुवै नानीहरुलाई सिकाउनुहोस् (व्यवस्था 4:10; 6:4-7; भजन संग्रह 34:11;111:10)।
- जब पवित्रआत्माले नानीहरुलाई तिनीहरुको पापको दोषानुभव गराउँदछ, विश्वास द्वारा ख्रीष्टको क्षमालाई ग्रहणगर्न तिनीलाई मदत गर्नुहोस्।
- नानीहरुले, विशेष गरेर किशोरहरु, दोहोर्याउनु, अभिनय गर्नु, अनि हल्ला गर्नु मन पराउँछन्। उदाहरणको

लागी, यदि तपाईले तिनीहरुलाई यसो भन्नु हुन्छ कि इसहाकको दुलही रिबेका ऊँठ माथि चढ़ेर तिनी कहाँ आइन्, तपाईले भन्न सकनु हुन्छ, "सुन, ऊठको पैतालको आवाज। कलप्! कलप्! कलप्! कलप्! अब तपाईको शिरलाई माथि तल गर्नोस् किनभने, ऊँठमाथि चढ़ने मानिस माथि तल, माथि–तल हुँदछ।"

- शिक्षकहरुले नानीहरुको माता–पितासित एउटा असल सम्बन्ध बृद्धिगर्नु पर्छ।
- नानीहरुलाई नम्रतासंग तर दृढ़ताको साथमा अनुशासन गर्नुहोस्।

**अच्छा, नानीहरुलाई सुधारगर्दा म घेरै नै स्थिर र मायालु हुन पर्नेरहेछ**



- नानीहरुलाई हपार्न भन्दा तिनीहरुले गरेका कामहरुको बढ़ाई गर्न असल हुँदछ।

**2. हप्ता भरगरीने क्रियाकलापहरु योजना सहकर्मीहरुसित गर्नुहोस्**

- यदि विश्वासगर्ने माता–पिताले अझ सम्मन नानीहरुसित पारिवारिक उपासना गरेका छैनन् भनें, त्यसो गर्न शुरुगर्नलाई भेट गर्नु होस् अनि मदत गर्नुहोस्।
- जसले शिक्षक बने र सेवा गर्न सक्छन् ती विश्वासीहरुलाई भेट गर्नुहोस् अनि यी मार्ग निर्देशनहरु तिनीहरुलाई बुझाउनु होस्।जत्ति सक्दो अनुभवी शिक्षकले नयाँ शिक्षकहरुलाई प्रशिक्षण दिऊन।

**3. आउने उपासनाका समयहरुको योजना सहकर्मीहरुसित गर्नुहोस्।**

भूमिहरु बारे येशुको उखानलाई मर्कूस 4:1–20 देखि भन्नुहोस्। बुझाउनु होस् कि परमेश्वरको वचनलाई परमेश्वरको इच्छा अनुसार सिकनपर्छ...

1) हाम्रा कानहरु वा आँखाहरुले यसलाई ग्रहण गर्नैपर्छ।

2) हाम्रा आत्माहरुमा जरा गाँड़्न दिनैपर्छ।

3) फल फलाउन दिनैपर्छ।

त्यसपछि विश्वासीहरुलाई यी विषयहरुमा विचार गर्न लगाउनुहोस् कि येशुको भनाइले यो शिक्षाहरूलाई बाधा दिन्छन् कि दिदैनन्।

माता–पिताले तिनीहरुका नानीहरुलाई किन सिकाउन पर्छ बुझाउनुहोस्। त्यसै गर्नलाई माथिका मार्ग–निर्देशनहरु बातउनुहोस्।

नानीहरुले जो तयार पारेकाछन् प्रस्तुत गर्न लाउनुहोस्।

ख्रीष्टले प्रौढ़ अनि ठूला नानीहरुको निम्ति के गर्नु भएको छ त्यस बारे तिनीहरुलाई गवाही दिन लगाउनुहोस्; विशेष गरी तिनीहरुले जसले भर्खरै उहाँलाई तिनीहरुको प्रभु भनी विश्वास गरेका छन्।

प्रभुभोज परिचय गर्नलाई व्यवस्था 6:4–7 पढ़नुहोस्। बताउनुहोस् कि हामीले नानीहरुलाई येशुका आज्ञाहरु पालन गर्न सिकाउन पर्दछ, साथै एक साथ रोटी तोड़्नलाई पनि सिकाउन पर्छ।

दुइ वा तीनको झुण्डमा केहि क्षणको निम्ति बातचित गर्नुहोस्! एकार्काको निम्ति प्रार्थना गर्नुहोस् अनि नानीहरुको निम्ति घेरै शिक्षण क्रियाकलापहरुको प्रबन्ध गर्नलाई योजनाहरु बनाउनुहोस्।

व्यवस्था 6:6–7 एक साथ कण्ठस्थ गर्नुहोस्।


# एउटा मानिसलाई येशुले चँगाइ गर्नुभयो अनि त्यसबारे बताउनलाई तिनलाई घर पठाए

**प्रार्थनाः** “प्रिय प्रभु, तपाईको बारेमा सजिलै सित बुझ्ने गरी अरु मानिसहरुलाई बातउन नानीहरु अनि शिक्षकहरुलाई मदत गर्न यस अध्ययनलाई प्रयोग गर्नुहोस्।

वर्तमान खाँचोहरु र नानीहरुको उभेरलाई मिल्न सक्ने कुनै पनि क्रियाकलापहरु चुन्नुहोस्।

प्रेत आत्माले सताइएको मानिसको कथा बारे लूका 8:26–29 बाट ठूला नानी वा प्रौढ़ले पढ़ेर सुनाउनुहोस् वा स्मृतिद्वारा बताई दिनुहोस्। येशुले त्यस मानिसलाई कसरी चंगाई पार्नुभयो अनि परमेश्वरले तिनको निम्ति के गर्नुभयो भनी उसको परिवार र मित्रहरुलाई बताउनलाई तिनको घरमा पठाउनु भयो भनी यसले बताउदँछ।

कथा सुनाए पछि, यी प्रश्नहरु गर्नुहोस् [उत्तरहरु प्रत्येक प्रश्नको पछि रखिएको छ।]



- भूतहरुलागेका मानिसले येशूलाई देख्दा के गरे? [पद 28 हेर्नुहोस्]
- त्यसको नाम “फौज” हो भनि त्यस मानिसले किन भने? [पद 30]
- भूतहरु त्यसमानिसबाट निस्केर कहाँ गए? [पद 33]
- सुङगूरहरुलाई के भयो? [पद 33]
- येशुले त्सस मानिसलाई भूतहरु देखि मुक्त गराए पछि तिनलाई कहाँ पठाए? [पद 39]
- स्वतन्त्र मानिसलाई के गर्नु भनी येशुले भन्नु भयो? [पद 39]

**विशेष टिप्पणीः** मानिसहरुलाई परमेश्वरको बारेमा सिकाउनलाई सजिलो यही छ कि तपाईले आफ्नै तरीकामा तिम्रो निम्ति येशुले के गर्नु भएको छ भनी तिनीहरुलाई सुनाउनु हो। तपाईले यस्तै तरीकामा भन्न सक्नु हुन्छ, जब कुनै शुभसमाचार भन्दै गर्दा बहुमुल्य मोती पाए झै हुन सकोस्।



येशुले भूत लागेको मानिसलाई स्वतन्त्र गराएर घरमा पठाएको कथाको भागहरुलाई नाटकमा ढाल्नुहोस्।

- यो नाटकलाई प्रस्तुत गर्नलाई नानीहरुको निम्ति मुख्य मण्डलीका अगुवाहरुसित व्यवस्था मिलाउनुहोस्। सम्पूर्ण भागहरु चलाउन पर्दैन्।
- नाटक तयार पार्नलाई नानीहरुसित समय बिताउनुहोस् यसलाई तयार पार्नमा ठूला नानीहरुले मदत गरुन्।
- ठूला नानीहरुले निको भएको मानिस, स्वास्नी अनि कथकको पाठहरु गरून जसले कथालाई छोटो गरी बातउनेछ अनि नानीहरुले के के गर्नु र बोल्नु संझना गराउनमा मदत गर्दछ।

**यदि कुनै नाटकहरुमा सबै भागहरु खेल्नलाई नानीहरु प्रशस्त मात्रामा छैनन् भने, छिमेकीका नानीहरुको मदत लिनुहोस्, वा कथकले कथामा भएका ती व्यक्तिहरुको भागलाई पढ़िदिऊन्।**

- किशोर बालकहरुले परिवार अनि मित्रहरुको पाठ गरुन्।

**कथकः** लूका 8:26-31 पढ़ वा स्मृतिबाट कथा सुनाऊ। त्यसपछि भन, "सुन्नुहोस् स्वतंत्र मानिसले के भन्दछ।"

**निको भएको मानिसः** "मेरो परिवार अनि मित्रहरु, नासरतको येशुले कस्तो महान काम मेरो निम्ति गर्नुभयो त्यो सुनाउनलाई म घरमा आएको छु।"

**परिवार अनि मित्रहरुः** कुद्दै गएर मानिसको वरीपरी भेला हुन्छ। यसप्रकारले भन्दछ, "हेर, तिनी त सज्जन भएछ।" "तिनले ठीक ढंगले लुगा लगाएको छ।" "तिनले साधरणतः बोल्न सक्छन्।" "यो कसले गरेको हँ!"

**स्वास्नीः** "प्रिये, तिमी पागल भएकाथियौ! तिमी चिहान हुँदो सुत्ने गर्थ्यौ! तिमीले आफैलाई काट्दथ्यौ।"

**परिवार अनि मित्रहरुः** यसरी भन्ने, "बुवा के भयो?"

"जब देखि भूतहरु तपाई भित्र प्रवेश गरेको थियो तपाईलाई फौज भने भन्थे"

"हामीले त सोंचेका थियौं कि तपाईलाई अब फेरि कहिल्यै देख्ने छैनौं।"

"हामीले घेरै भेटन सकेका थिएनौं।"

**निकोभएको मानिसः** "नासरतको येशू आएर तिनले भूतहरुलाई लखेटी दिए! ती सबै सुङगूरहरुको बथान भित्र पसे। त्यसपछि ती सुङगूरहरु एउटा डाँड़ाबाट खसेर खोलामा डुबी मरे।"

**स्वास्नीः** म येशूलाई हर्न जान चाहन्छु।

**निकोभएको मानिसः** "उहाँले मेरो निम्ति उदेकको कुरो गर्नुभयो। म उहाँ संगै जान चाहन्थे, तर उहाँले तिमीहरुलाई उहाँको बारेमा सुनाउनलाई मलाई घरमा पठाउनु भयो। उहाँले तिमीहरु सबैलाई पनि माया गर्नुहुन्छ।

**कथकः** सहयोग दिने सबैलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरुः** यदि नानीहरुले यो कथालाई प्रौढ़हरुको निम्ति नाटकमा प्रस्तुत गर्दछन्भने, तिनीहरुले प्रौढ़हरुलाई माथिका प्रश्नहरु सोधुन।

येशूले हामी प्रति गर्नुभएको विषयहरुमा हामीले अरुलाई भन्न सक्छौ भनी अन्य उदाहरण बारे नानीहरुलाई सोध्नुहोस्।

कसै एक व्यक्तिले खबर कागज पढ़दै गरेको साधरण चित्र बनाउनुहोस्। नानीहरुलाई नकल गर्न लगाउनुहोस्।



- तिनीहरुको चित्र आउँदो आराधनाको समयमा प्रौढ़हरुलाई देखाउन सकनेछन्।
- तिनीलाई बुझ्राउन लाउनुहोस् कि चित्रले यो बुझ्राउदँछ कि हामीसित सुनाउनलाई शुभ खबरहरु छन्।, किन कि येशुले शैतानको शक्तिहरु साथै भूतहरु र मृत्युलाई विजय गर्नु भएकोछ।

**रोमी 5:8 कण्ठ गर्नुहोस्।**

**कविता।** तीन जना नानीहरु प्रत्येकले एक वा दुई पदहरु भजन संग्रह 8:1–5 बाट पाठ गरुन्।

येशूको मुक्ति बारे हाम्रा परिवार र मित्रहरुलाई बताउने बारे ठूला नानीहरुलाई गीतहरु वा कविताहरु लेख्न लगाउनुहोस्।

**प्रार्थनाः** "प्रिय प्रभु, तपाईले हामीलाई प्रेम गर्नु भएको निम्ति अनि हामीलाई दुष्ट अनि मृत्युबाट बचाउन भएको निम्ति हामी तपाईलाई महिमा दिंदछौ। तपाईको बारेमा अरु नानीहरुलाई सफा सित बुझ्ने गरी सुनाउन हामीलाई मदत गर्नुहोस्।"

# पिता, पुत्र र पवित्र आत्मा एउटै परमेश्वर हुनुहुन्छ

नानीहरुलाई सिकाउनेले अध्ययन टी 5 बी. पढ्नु पर्छ।



**तिमी मेरा प्यारो पुत्र हौ, अनि म तिमीसित अत्तिनै खुशीछु।**

**प्रार्थना:** "प्रिय बुवा, येशू अनि प्रेरितहरुले जे सिकाए, कि स्वर्गे पिता परमेश्वर हुनुहुन्छ, त्यही परमेश्वर येशुको रुपमा हामीकहाँ आउनु भयो, अनि पवित्र आत्मा उही परमेश्वरको आत्मा हुनुहुन्छ।"

**टिप्पणी:** एउटै सत्य परमेश्वर हुनुहुन्छ जो बुवा हुनुहुन्छ (हाम्रा सृष्टिकर्ता), पुत्र हुनुहुन्छ (येशु, हाम्रा उदारक), अनि आत्मा हुनुहुन्छ (हाम्रा ईश्वरीय मदतगार) एउटै परमशेवर हुनुहुन्छ। तिनीहरुले एक साथ सृष्टि अनि मुक्तिमा काम गर्नु हुन्छ, जसै यूहन्नाले येशुको वप्तिस्मा बारे वर्णन गरे।

**1. त्रीएक बारे सिकाउनलाई परमेश्वरको वचन अनि प्रार्थना सहित तयार गर्नुहोस्।**

पावल जसले इसाईहरुलाई घृणा गर्दथे तिनले येशु परमेश्वर हुनुहुन्छ भनी कसरी सिक्नसके, अनि पावलले पवित्र आत्माको नयाँ समझशक्तिलाई कसरी प्राप्त गरे (पद 17) प्रेरित 9:1-19 मा पाउनु हुनेछ।

पिता पवित्रआत्मा अनि आफ्नै विषयमा येशुले के भन्नु भयो यूहन्ना 14:23-26 मा पाउनुहुन्छ।

जब हामीले येशूलाई आदर गर्दछौं कसलाई हामी आदर गर्दछौं अनि यो यस्तो किन हो।

पिता पुत्र अनि आत्माले हामीमा एक साथ के गर्नु हुन्छ वा तिनीहरुले हामीलाई के गर्ने योग्य बनाउनुहुन्छ यी प्रत्येक अंशहरू रोमीमा पाउनु हुन्छ: 1:1-4; 5:1-5; 7:4-6; 8:1-4; 8:6-11; 8:16-17; 8:26-39; 14:14-18 अनि 15:30-33।

**टिप्पणी:** नयाँ नियममा त्रिएकलाई विभिन्न प्रकारले वयान गछरेकान्:

पिता र पुत्र र आत्मा; सृष्टिकर्ता र उदारकर्ता र शुद्धकर्ता;

परमेश्वर र प्रभु र पवित्र आत्मा; राजा, र मसिही र शिक्षक

यी मुख्य सत्यताहरुलाई याद गर्नुहोस्:

- त्रीएक नित्य परमेश्वर हुनुहुन्छ अनि भौतिक जगतको समय र स्थान देखि पारी हुनुहुन्छ।
- परमेश्वर समयमा नै (येशुको जन्म) मानिस बनी येशूको रुपमा आउनुभयो अनि एक स्थानमा (बेतलेहेम)।
- येशू मानिस झैं जन्मनु भयो। उहाँले ईश्वरीय शक्ति अनि मानव कमजोड़ता दुवै देखाउनु भयो।
- कतिपय चर्चहरुले येशुको ईश्वरीय स्वाभाव अनि मानव स्वाभाव एउटै व्यक्तित्वमा मिसिनु गएका छन् भनी सिकाउँछन्; अर्कोले येशूको ईश्वरीय अनि मानव स्वाभाव भिन्नभिन्नै रहन्छ भनी सिकाउछन्। जान्न अनि विश्वास गर्नलाई के मुख्य छ भने त्यो चाँहि हो कि येशू परमेश्वर अनि मानव दुवै हुनुहुन्छ।

**आफैलाई जाँच्नुहोस्:** येशू अनि नयाँ नियम अनुसार कुन चाँहि विचारहरु सत्य छन्?

- परमेश्वरले गर्न सकने मात्र येशूले काम गर्नु हुन्छ।
- येशू पितासित बोल्दछ अनि पिता येशूसित बोल्नुभयो।
- येशूले हामीमा पवित्रआत्मा पठाउनुहुन्छ अनि येशू आत्मामा हामीमा आउनु हुन्छ।
- जब हामी येशूको आदर गर्दछौं हामीले परमेश्वरको आदर गर्दछौं।
- हामी पितालाई अनि पुत्रलाई अनि आत्मालाई प्रार्थना गर्न सकछौं। [उत्तरहरु: यी सबै विचारहरु सही छन्।]

## आथानासीअस् र आरीयस्

50 औं ख्रीष्ट शताब्दीका मिश्री धर्मचार्यहरुले ख्रीष्ट को हुनुहुन्थ्यो भनी बहस गरे। त्रीएकलाई आरीयसले अस्वीकार गरे अनि परमेश्वरको एकतालाई जोर दिए। तिनले भने कि परमेश्वरको वचन येशूमा तिनको बप्तिस्मा हुँदा आए, तिनी मसिही बने, "परमेश्वरको पुत्र" कहलाइए। तिनको शिक्षा रोमी साम्राज्य भरी फैलिए।

आथानासीअसले सिकाए कि परमेश्वरको पुत्र जीउँदो वचन हुनुहुन्छ जो येशू जन्मनु अनि बप्तिस्मा हुन भन्दा अघिनै पितासित हुनुहुन्थ्यो अनि एउटै परमेश्वर नित्य दुई हुनुहुन्थ्यो, पिता अनि पुत्र। पछि तिनले पवित्र आत्मा पनि परमेश्वर हुन् भनी थाहा पाए, अनि सिकाए कि एक परमेश्वर नित्य तीन हुनुहुन्छ, पिता, पुत्र अनि आत्मा।

325 ख्रीष्ट शताब्दिमा साम्राज्य भरीका चर्चहरुबाट अगुवाहरु नाइसियामा भेला भएका थिए अनि प्राय: सबैले आथानासीअस्को शिक्षा आरीयस्को विचारहरु भन्दा घेरै बाइबल सम्बन्धित रहेछ भनी मान्यता दिए। यसैले तिनीहरुले आथनासिअस्को त्रिएकको सिधान्तलाई पारीत गरे। आजका दिनहरुमा, प्राय: ईसाईहरुले त्रीएकलाई सत्य मानी लिएकाछन्। जसले अस्वीकार गर्दछ तिनीहरुलाई आरीयन्स् भर्न्दछन्।

कतिपय धर्महरुले येशूलाई परमेश्वरको रुपमा सम्मान दिनलाई इन्कार गर्दछन्। यहोवा निशीले येशू परमेश्वर हुनुहुन्छ अनि उहाँ शरीरमा बौरी उठनु भयो भनी इन्कार गर्दछ। मर्मन्स्हरुले भन्दछ कि येशु मरे पछि मात्र परमेश्वर बने अनि मर्मन्सहरु पनि ईश्वरहरु बन्नेछन्। इस्लामले सिकाउँदछ कि येशू कहिल्यै पनि परमेश्वर हुनुहुन्नथ्यो अनि उहाँ मर्नु भएन अनि बौरी उठेन। यिनीहरु कसैले पनि बाइबलको आज्ञा अनुसार येशूको आदर गर्दैनन्, जसरी हामीले पितालाई एउटै सम्मान दिंदछौं (यूहन्ना 5:19-30)।

## 2. आउने हप्ताको निम्ति क्रियाकलापहरु तपाईको सहकर्मीहरुसित तयार पार्नुहोस्।

यदि तपाईको बगालमा भएका विश्वासीहरुले त्रीएकलाई बुझनमा कठीन छ भनें, वा झुटो शिक्षकहरु द्वारा भ्रममा परेका छन् भनें, तब तिनीहरुलाई भेटेर यी सत्यताहरुलाई बुझाउनुहोस्:

- येशू नित्य परमेश्वरको पुत्र हुनुहुन्छ, मानव बन्नभयो अनि सदा परमेश्वर अनि मानव हुनुहुनेछ।
- त्रीएक तीन ईश्वरहरु होइनन्। एक परमेश्वर जो पिता, पुत्र र आत्मा हुनुहुन्छ।
- परमेश्वर एक हुनुहुन्छ अनि तीन व्यक्ति पनि हुनुहुन्छ। यो एउटा रहस्थ हो जो कुनै मानवले व्याख्या गर्न सकदैन। तिनीहरु अलग व्यक्तिहरु भए पनि, हामी तिनीहरुलाई जोड़दैनौं, तिनीहरु संयुक्त छन्।
- येशू अनन्त परमेश्वर हुनुहुन्छ अनि उहाँ मानव हुनभयो। उहाँ परमेश्वर अनि मानव दुवै हुनुहुन्छ। यो

भन्नु गलती हुन्छ कि येशू मानव मात्र हुन् अनि ख्रीष्ट एउटा आत्मा थिए जो येशूमा हुनलाई परमेश्वरबाट पठाइएका थिए।

- पिता र पुत्र बात गर्दछ अनि नित्य मिलेर काम गर्दछ। पुत्र मानव बने पछि, उहाँ अनि पिता बात र काम लगातार गर्दै रहे। यसोसले, यसो भन्न झूटो हुनजान्छ कि यदि येशू परमेश्वर हुनु हुन्थ्यो भनें, उहाँले पितालाई प्रार्थनागर्नु पर्ने थिएन।
- त्रीएक शब्द बाइबलमा पाइन्दैन्। हामीले बाइबलमा जे पाएका हुँन्छौं त्यो वर्णन गर्नलाई प्रयोग गर्छौं अर्थात् पिता, पुत्र अनि आत्माको एकता। यो भन्न झूटो ठहरिन्छ कि त्रीएक चाँहि रोमन क्याथोलीकले अविस्कार गरेको हो।

**3. अर्को आराधनाको निम्ति तपाईको सहकर्मीहरु सित योजना बनाउनुहोस्।**

वर्तमानको खाँचोहरुमा मिल्ने क्रियाकलापहरु गर्नुहोस्।

- सावलले येशू परमेश्वर हुन् भनी कसरी सिके अनि पवित्र आत्माको नयाँ समझलाई कसरी प्राप्त गरे (पद 17) त्यसबारे प्रेरित 9:1-19 मा भएको कथालाई पढ्नुहोस् वा सुनाउनुहोस्।
- त्रीएक कसरी हाम्रो मुक्तिमा, हाम्रो पवित्रतामा, येशुको निम्ति हाम्रो गवाहीहरुमा, अनि परमेश्वरको निम्ति हामीले गर्ने सबै थोकमा अल्झनु भएको छ भनी बुझाउनुहोस् अनि रोमी 1:1-4 पढ्नुहोस्।
- भाग-1 मा तपाईले जे सिक्न भयो बुझाउनुहोस् अनि एउटै प्रश्नहरु गर्नुहोस्।
- नानीहरुले जे तयार पारेकाछन् प्रौढ़हरुलाई प्रस्तुत गरीदिऊन्।
- आथानासिअस् अनि आरियस्को कथा भन्नुहोस्।
- येशू परमेश्वर हुनुहुन्छ भनी कसरी विश्वासीहरुले प्रथम पल्ट चिन्न सके त्यस बारेमा तिनीहरुलाई गवाही दिन भनी आग्रह गर्नुहोस्।

प्रभुभोज परिचय दिनलाई मत्ति 3:13-17 पढ्नुहोस्। पिता परमेश्वर, पुत्र परमेश्वर अनि आत्मा परमेश्वरले जसरी येशूको बप्तिस्मामा एक साथ काम गरे त्यसरी नै प्रभु भोजमा काम गर्नुहुन्छ भनी बुझाउनुहोस्। पापहरु ढाक्नलाई निर्दोष रगत बहाउन परमेश्वरले आदेश दिनु हुन्छः पुत्रले आफ्नो रगत बगाए, अनि पवित्र आत्माले हामीलाई येशुको शरीर अनि रगतमा सम्भागी गराउँछ जब हामी यो रोटी अनि कचौरा लिन्छौं। (1 कोरिन्थी 10:16-17)।

प्रार्थना गर्न, योजनाहरु पक्का गर्न अनि एउटाले अर्कोलाई उत्साह दिनलाई दुइ वा तीन व्यक्तिहरुको झुण्डहरु बनाउनुहोस्।

मत्ति 3:16-17 एकसाथ कण्ठस्थ पार्नुहोस्।

# बप्तिस्मा दिने यहून्नाले येशूलाई बप्तिस्मा दिए

**प्रार्थना:** "प्रिय प्रभु, तपाई एउटै परमेश्वर अनि तीन व्यक्ति पनि हुनुहुन्छ, जसलाई विश्वासीहरुले पवित्र त्रीएक भन्दछन्, भनी नानीहरुले बुझ्नलाई मदत गर्न यस अध्ययनलाई प्रयोग गर्नुहोस्।

नानीहरुको उमेर र खाँचोहरुमा मिल्दो कुनै क्रियाकलापहरु चुन्नुहोस्।

येशूको बप्तिस्माको कथालाई मत्ति 3:1-17 बाट ठूला नानी वा शिक्षकले पढ़ेर सुनाउन् वा स्मृतिद्वारा बताउन्।

**बुझाउनु होस्:**

- येशूको बप्तिस्माले त्रीएकको तीन व्यक्तिहरु एकसाथ काम गर्दछन् भनी देखाएका छिन्।
- तीन व्यक्ति एउटै परमेश्वर हुनुहुन्छ अनि एउटै भएर काम गर्दछ: तिनीहरु तीन ईश्वरहरु होइनन्।
- एउटै परमेश्वरमा तीन व्यक्तिको यो सत्यता एउटा रहस्य हो जो परमेश्वरले मात्र बुझ्न सक्नुहुन्छ।



यी प्रश्नहरु सोध्नुहोस् [उत्तरहरु: प्रत्येक प्रश्न पछि दिएकाछन्]

- यूहन्नाले कसको बाटो तयार पार्दै थिए? [पद 3 हेर्नुहोस्]
- जब यूहन्नाले बप्तिस्मा दिन्थे मानिसहरुले के गर्थे [तिनीहरुले तिनीहरुको पापहरु स्वीकार गर्दथे, पद 6]
- धार्मिक मानिसहरुलाई यूहन्नाले के चेतावनी दिए जसले आफ्ना पापहरु स्वीकार गरेनन्? [पद 8]
- पश्चत्ताप गर्नेहरुलाई येशूले के बप्तिस्मा दिनुहुन्थ्यो? पवित्र आत्माको पद 112]
- येशूले बप्तिस्मा लिन किन सोध्नु भयो? "जो सही थियो त्यो गर्न, पापीहरुको निम्ति एउटा नमूना, पद 15]
- त्रीएको प्रत्येक व्यक्ति बप्तिस्मा कुन प्रकारले देखा परे? [पुत्र बप्तिस्मा भएका थिए, आत्मा तिनीहमाथि ओर्ले, अनि पिता बोल्नु भयो, पद 16-17]

येशुको बप्तिस्मामा त्रीएकले कसरी काम गरे त्यस बारे कथालाई नाटकीय रुप दिनुहोस् [मत्ती 3:1-7]।

- यस नाटकलाई प्रस्तुतगर्न नानीहरुको निम्ति उपासनाका अगुवाहरुसित व्यवस्था मिलाउनुहोस्।
- नाटक तयार पार्न नानीहरुसित समय बिताउनु होस्।
- तपाईले सबै भागहरुलाई प्रयोग नगरे हुन्छ।
- ठूलाहरुले सानाहरुलाई तयारी गर्नमा मदत गरुन्।
- किशोर नानीहरुले दर्शकहरु, फरिसी अनि सदुकीको पाठहरु गरुन्।
- ठूला नानी वा प्रौढ़हरुले यूहन्ना बप्तिस्मा, येशू अनि कथकको भागहरु खेलुन्।

**कथकः** कथाको पहिलो भाग मत्ति 3:1-12 देखि भन्नुहोस्। त्यसपछि भन, "सुन्नुहोस् यूहन्ना बप्तिस्माले के भन्दछ।"

**यूहन्नाः** कराउँदै, "प्रभुको बाटो तयार पार। आफ्नो पापहरुको पश्चताप् गर।"

**दर्शकहरुः** "म मेरा पापहरु पश्चताप गर्छु।" "भलाई बप्तिस्मा दिनुहोस्।"

**फरिसीहरुः** "म एउटा धार्मिक फरिसी हूँ। मलाई मेरो जीवन परिवर्तन गर्नु खाँचोछैन्।"

**सदुकीः** "म, एक सदुकी कति असल छु भनी देखाउन बत्पस्मिा लिनेछु। मलाई पश्चत्ताप गर्नु खाँचो छैन्।"

**यूहन्नाः** कराएर, तिमी फरिसीहरु सर्पका सन्तान हौ! तिमीहरुले आफ्नो मन फिराओ। चाँड़ै आउनेले तिमीहरुलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ। परमेश्वरको आज्ञा मान नत्र भनें तिमीहरु आगोको न्यायमा पर्नेछौ।"

**कथकः** कथाको दोस्रो भाग मत्ति 3:13-17 बाट भन्नुहोस्। त्यसपछि भन, "सुन्नुहोस् येशूले यूहन्ना वप्तिस्मालाई के भन्नुहुन्छ।"

**येशूः** "यूहन्ना तिमीले मलाई बप्तिस्मा दिनैपर्छ।"

**यूहन्नाः** "तर येशु मयो काम गर्ने योग्यको छैन्। तपाईले पो भलाई बप्तिस्मा दिनु पर्छ।"

**येशूः** भन्दछ, "यो गर्नु आवश्यक छ। म पापीहरुको निम्ति एक नमूना (उदाहरण) बन्नै पर्छ।"

**यूहन्नाः** येशूलाई बप्तिस्मा दिने बहना गर्नुहोस्। अनि माथि देखाएर भन्नोस् "हेर! स्वर्गबाट पवित्र आत्मा ढुकुरको रुपमा येशू माथि ओर्लन्दैछ।"

**दर्शकहरुः** माथि देखाउँदै अनि कराउँदै "सुन्नुहोस्" त्यसपछि मन्नोस्, "स्वर्ग देखि एउटा आवाज।"

**यूहन्नाः** ''परमेश्वर पिताले स्वर्गबाट येशूको बारेमा के भन्नुभयो, तिमीहरुले सुन्यौं? उहाँले भन्नुभयो, "यिनी मेरो प्यारो पुत्र हुन्। जो सँग म खुशी छु।"

**कथकः** नाटकमा मदत गर्ने हरेकलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरुः** त्रीएकको व्यक्तिहरु एकसाथ कामगर्नु हुन्छ, जबकि तिनीहरु एक परमेश्वर हुनुहुन्छ भनी अरु उदाहरणहरु के के छन्? (नानीहरुलाई उदाहरणहरु दिन लगाउनुहोस्। सृष्टिको, येशुको पुनरुत्थान अनि हाम्रो मुक्तिको उदाहरणरु समावेश गर्नुहोस्।)

**पावल-तिमोथी बालकहरुको अध्ययन बाइबल आधार शिक्षण टी 5 बी.**


लूका 9:35 कण्ठस्थ गर्नुहोस्। "हेर स्वर्गबाट यसो भन्ने एउटा शब्द भयो, 'यिनी मेरा प्यारो पुत्र हुन्, जो सँग म खुशी छु।"

**कविताः** चार जना नानीहरु प्रत्येकले एक एक पद गरी भजनसंग्रह 2:7,8,10 र 11 पाठ गर्न लगाउनुहोस्।



एउटा ढुकुर ओर्लदैगेरको चित्र नानीहरुलाई बनाउन लगाउनुहोस् अनि यो चित्रले येशुको नाममा हामीलाई हाम्रा पापहरुबाट बचाउन भनी परमेश्वरलाई पुकारागदी येशूले कसरी हामीलाई पवित्र आत्माले बप्तिस्मा दिनुभयो भनी देखाउँदछ भनेर बुझाउनु होस्।

यदि ठूला नानीहरु इच्छा गर्छन् भने तिनीहरुलाई त्रीएकको व्यक्तिहरुको एउटा चित्र कोर्न लाउनुहोस्।




येशूको बप्तिस्मा वा त्रीएक बारे ठूला नानीहरुलाई एउटा गीत वा कविता लेख्न दिनुहोस्।

**प्रार्थनाः** "पवित्र परमेश्वर, तपाई एउटै सत्य परमेश्वर हुनुहुन्छ। तपाई पिता, पुत्र अनि पवित्रआत्मा त्रीएक हुनभएको निम्ति तपाईको प्रशंसा हामी गर्दछौं। हामी यो बुझ्न सकदैनौं, तर तपाईमा हामी विश्वास गर्छौं। येशूको जीवन भित्र रहन तपाईको आत्माले हामीलाई बप्तिस्मा दिनुभएको निम्ति, ताकि हामी तपाईको सन्तानहरु हुन सकौं, हामी तपाईलाई धन्यवाद टक्राउछौं।

# परमेश्वरलाई चिन्न मोशाले तिनका मानिसहरुलाई मदत गरे एक सर्वश्रेष्ठ परमेश्वर बारे आनन्दित अनि भयावह सत्यताहरु

नानीहरुलाई सिकाउनेले अध्ययन डी. 4 बी पढ्नुपर्छ।

यदि तपाईले अहिले सम्म पावल-तिमोथी अध्ययन शिकारु गोठालाहरुको प्रशिक्षकहरुको निम्ति मार्ग निर्देशन ए.0एफ. पढ्नु भएको छैन् भने अहिले गरीहाल्नुहोस्।

**प्रार्थना:** "सर्वसामर्थी अनि दयालू परमेश्वर तपाई कस्तो हुनुहुन्छ भनी तपाईले मोशाद्वारा आफैलाई मानिसहरुमा प्रकट गर्नु भएको तपाईको लोगहरुलाई सिकाउनमा मलाई मदतगर्नुहोस्।"

यूहन्ना 1:17। "किनभने व्यवस्था मोशाबाट दिइयो, अनुग्रह र सत्यता चाहिँ येशू ख्रीष्टबाट आयो।"

जेको निम्ति तपाईसित समय छ अनि वर्त्तमान खाँचोहरु पुरागर्ने विषयहरु चुन्नुहोस्।

**1 परमेश्वरले उहाँका लोगहरु इस्राएलमा, आफैलाई कसरी प्रकट गर्नुभयो सिक्नलाई तपाईको मन र हृदयलाई तयार पार्नुहोस्।**

- प्राय: 4,000 बर्स अघि, परमेश्वरले विश्वासी अब्राहमको सन्तानलाई उहाँको पवित्र लोगहरु (इस्राएल) हुनलाई चुन्न भयो।
- प्राय: 500 सय वर्ष पछि, परमेश्वरले इस्राएलीहरुलाई मिश्रीहरुको दासत्वबाट अचम्भतौरले स्वतन्त्र गराउनु भयो अंनि मोशाद्वारा व्यवस्थाको पुरानो नियमको करारलाई स्थापित गर्नुभयो। तिनीहरुले एक पवित्र, सर्व शक्तिमान परमेश्वरको भय अनि आज्ञा पालन गर्न सिके। तिनीहरुको अनुभव आज हाम्रो निम्ति उदाहरण भएको छ (1 कोरिन्थी 10:6)
- प्राय: 2000 वर्ष अघि, जब येशुको मृत्यु भयो अनि बौरी उठन भयो, परमेश्वरले व्यवस्थाको पुरानो करारलाई अनुग्रहको नयाँ करारसित सारा मानव जातिको निम्ति बदली गर्नुभयो।
- मिश्रको राजा इस्राएलीहरुसित किन डराएका थिए अनि तिनीहरुको संख्या सिमित राख्ने योजना गरे। (पछि, त्यस्तै प्रकारले राजा हेरोदले नयाँजन्म भएका राजा (येशू) लाई नाश गर्ने प्रयासमा बेतलेहेममा बालकहरुलाई मारे।
- परमेश्वरले बालक मोशालाई कसरी बचाए अनि मोशाले आफ्नो मानिसहरुलाई तिनको आफ्नै मानव प्रयासद्वारा बचाउनलाई कोशिष गर्दा के भएको थियो, प्रस्थान 2 मा पाउनुहुन्छ।
- अनन्त परमेश्वरले मोशालाई के गर्न पठाए, अनि परमेश्वरको पवित्र नाम के हो।

हामी ईसाईहरुले किन भाग्यवाद, निर्दयी, दानवी विचार, ती देवहरु वा ताराहरुले हाम्रो भाग्य अर्गाड्नै जान्दछ, अनि हाम्रो दरिद्रता, पिड़ा अनि असफ को भाग्यलाई हामीले बदलाउन सकदैनौं, इन्कार गर्दछौं लता भरने बुझाउनलाई तयार गर्नुहोस्। अनन्त म हूँ, समयको बाहिर हुनुहुन्छ; उहाँले समयलाई बनाउन भयो, अनि यसले उहाँलाई साशन गर्न सकदैन्। येशुले भन्नुभयो, "समय आउँदैछ" (मान्छेको दृष्टि) "अनि अहिलेनै हो" (परमेश्वरको दृष्टि) जब उहाँले मुर्दालाई जीवन दिनलाई वा न्याय गर्नलाई जगाउनुहुनेछ (यूहन्ना 5:28-29); उहाँले भन्नुभयो, "अब्राहाम हुनभन्दा अधिदेखिनै म छँदैछु (यूहन्ना 5:58)। उहाँ समय अनि स्थान दुवैमा जहीं कहीं हुनुहुन्छ। हामीले भविष्यमा के गर्नेछौं परमेश्वरले देख्नुहुन्छ, तर उहाँले हामीलाई सधै गर्न दिनु हुन्न। जीवन परिवर्तन गर्ने निर्णय गर्नलाई स्वतन्त्रतालाई उहाँको पूर्वज्ञानले रद्द गर्नुहुन्न। "सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ [यूहन्ना 8:32]। तपाईको बगाललाई भाग्यवादको निष्ठूर साङ्गालाहरुदखि


स्वतन्त्र गर्नुहोस्। परमेश्वरले हामीलाई चिन्नहुहुन्छ, हामीलाई प्रेम गर्नुहुन्छ अनि हाम्रो सुन्नुहुन्छ। हाम्रा मार्गहरु उहाँले हस्तक्षेप गर्नुहुन्छ जो हाम्रो भलाई हुनेछ अनि उहाँलाई आदर पुग्नेछ। उत्पती 1 अध्यायले जाहेर गर्दछ कि हाम्रा पुर्वाहरू मानिसहरू थिए, देवहरु वा आत्माहरु थिएनन्, अनि त्यही परमेश्वरले समयहरु अंकित पार्न ताराहरु अनि ऋतुहरु बनाउनु भयो, हाम्रो कर्महरुलाई वशमा राख्नुलाई होइन।


हामी दानवी शक्तिहरुबाट किन स्वतन्त्र छौं भनी बुझाउनलाई तयार गर्नुहोस्। जब मिश्रक्षको राजाले परमेश्वरका जनहरुलाई दासत्वबाट मुक्त गरेनन्, परमेश्वरले मोशाद्वारा रुड़ीहरु पठाउनुभयो जसबाट मिश्रको झूटो देवताहरुमाथि परमेश्वरको शक्ति जाहेर भयो (प्रस्थान 6–11 अध्याय)। मिश्रीहरुले तिनीहरुको महा नदी, निल, को अलौकिक शक्तिहरु छ भनी विश्वास गर्दथे। यसैले त्यस पानीलाई परमेश्वरले रगतमा बदली गरी दिनुभयो! तिनीहरुले सूर्यलाई पूज्दथिए, त्यसलाई परमेश्वरले अन्धकार तुल्याइदिनुभयो। तिनीहरुले पशुहरुको पूजा गथे, यसैले परमेश्वरले गाइहरु, जुम्रा, झिगाहरु अनि भ्यागुताहरुलाई कष्ट ल्याउनलाई प्रयोग गर्नु भयो। येशूलाई प्रार्थनागर्नुहोस्, एक सर्वशक्तिमान परमेश्वर, तपाईको बगाललाई झूटो आत्माहरुको डरबाट स्वतंन्त्र गर्नुहोस्।

मोशाको पाँच किताबहरुले रहल बाइबलको जगलाई कसरी बसाए बुझाउनलाई तयार गर्नुहोस्:

- सुन्यबाट सबैथोक परमेश्वरले कसरी बनाए उत्पत्तीको किताबले व्यक्त गर्दछ, अनि शौतानले मानिसलाई अनाज्ञाकारी हुनलाई, संसार भ्रष्ट पार्नलाई, पीड़ा ल्याउनलाई, दण्ड अनि मृत्यु ल्याउनलाई परिक्षा गरे।
- सर्वसामर्थी, सर्व पवित्र परमेश्वर जो सबै आत्माहरु माथि सर्वोच्च हुनुहुन्छ भनी प्रस्थानले व्याखा गर्दछ

  परमेश्वरले उहाँका लोगहरुलाई पुरानो व्यवस्था दश आज्ञा दिनुभयो।




- परमेश्वरले मानिसहरुको पापहरुलाई एक निर्दोष प्राणीको रगतको बलिदान द्वारा कसरी क्षमा गरे लेवीको पुस्तकले व्याखा गर्दछ।
- मानिसहरु परमेश्वरको व्यवस्था पालन गर्नमा कसरी चुके गन्तीको किताबले वर्णन गर्दछ। यसरी, परमेश्वरले त्यो पिड़ीलाई प्रतिज्ञाको देशमा प्रवेश गर्न दिनुभएन।
- परमेश्वरले पापलाई दण्डदिनुहुन्छ अनि आज्ञाकारीलाई आशिषहरु, व्यवस्थाको किताबले जाहेर गर्दछ।
- ती पुरानो व्यवस्थाहरु अनि घटनाहरुले हामीलाई महान नयाँ नियमको सत्यताहरु बुझनमा योग्य बनाउदँछ:
- येशूको मृत्यु अनि पुनरुत्थान द्वारा पश्चतापी विश्वासीहरुले क्षमा अनि अनन्तजीवन पाएकाछन्।
- परमेश्वरको आज्ञा पालन गर्नको निम्ति हामीलाई शक्ति दिन अनि हामीमा बास गर्नलाई पवित्र आत्मा पिताले पठाददिउन् भनि येशूले बिन्ती गर्नुभयो।
- ख्रीष्टको शरीर भित्र एकर्कालाई सेवा गर्न सबै विश्वासीहरुले परमेश्वरबाट

  विभिन्न योग्यताको रुपमा वरदानहरु पाउँछौं।
- येशू मुर्दालाई उठाउन, अपश्चतापीलाई दण्ड दिन, विश्वासीहरुको शरीरलाई बदलीगर्न, अनि महिमामा

लैजान आउनुहुनेछ, जहाँ हाम्रा उहाँलाई आमने सामने देख्ने छौं अनि सदासर्वदा महिमा र आनन्द गर्नेछौं।

**2. हप्ता भरी गरीने क्रियाकलापहरुको योजना सहकर्मीहरुसित गर्नुहोस्।**

जुन विश्वासीहरुले माथिका मौलिक सिधान्तहरुलाई बुझेका छैनन् भनें तिनीहरु सित परामर्श अनि प्रार्थना गर्नलाई भ्रमण गर्नुहोस्।

यदि नेताहरुको बगालहरु जसलाई तपाईले प्रशिक्षण गर्नु भयो यी मौलिक शिक्षाहरु खाँचो छन् भनें तयार पार्नलाई तिनीहरुलाई मदत गर्नुहोस्।

**3. अर्को उपासनाको समय सहकर्मीहरुसित तयार पार्नुहोस्।**

प्राचीन इस्राएलीहरु (माथि) लाई समाजिक बन्धनबाट स्वतन्त्र गर्नलाई परमेश्वरले मोशालाई कसरी तयार पार्नु भयो बुझाउनुहोस्।

- हेरोदले सानना। बालकहरुलाई बेतलेहेममा मारे झैं मिश्रको राजाले चाँहि के गरे छल फल गर्नुहोस् अनि सोध्नुहोस्।
- परमेश्वरले मोशालाई कसरी बचाए, अनि मोशाले आफ्नो मानिसलाई बचाउन कसरी मानव प्रयास प्रयोग गरे विश्वासीहरुलाई बुझाइ माग्नुहोस्।

हामीले किन भाग्यवादलाई इन्कार गर्छौ अनि हामी दानव शक्तिहरु देखि किन स्वतन्त्रछौं बुझाउनुहोस् (भाग ९ माथि)।

परमेश्वरको पवित्र नाउँ "म हूँ" कसरी उहाँको अनन्त रुपमा प्रतिबिम्बित हुँदछ छल फल गर्नुहोस् अनि सोध्नुहोस्।

परमेश्वरको पूर्वज्ञान, जब देखि उहाँ समय बाहिर बस्नुहुन्छ, हाम्रो चुनावको स्वतन्त्रतालाई किन नष्टगर्नु हुन्न, छल-फल गर्नुहोस् अनि सोध्नुहोस् (उहाँले देख्नुहुन्छ तर हामीले भविष्यमा गर्ने निर्णयलाई हानी गर्नुहुन्न)।

येशुले भन्नुभएको सत्यले तिमीहरुलाई स्वतन्त्र पार्ने छ, यसको अर्थ के हो, छल-फल गर्नुहोस् अनि सोध्नुहोस्।

येशुको सत्यतालाई बुझन मोशाद्धारा लिखित पाँच पुस्तकहरु बुझेर मानिसहरुलाई कसरी मदत गर्न सकछौं बुझाउनुहोस्।

नानीहरुले तयार पारेका जे छन् प्रस्तुत गर्नलगाउनुहोस्

विश्वासीहरुलाई ख्रीष्टले कसरी भाग्यवादको विचारहरु बाट, दुष्ट आत्माको दासत्वबाट अनि झुटो देवताहरुबाट स्वतन्त्र गर्नु भयो गवाही दिन लगाउनुहोस्।

प्रभुभोज परिचय गर्नलाई प्रस्थान 7:17 पढ्नुहोस्। मोशाको पहिलो आश्चर्यकर्म पानीलाई रगतमा परिवर्तन गर्ने पुरानो करारको अनौठो सराप थियो भनी बुझाउनुहोस्। यो व्यवस्थाको अधिनस्थ मानिसले आज्ञा पालन गर्थे वा मर्थे, किनभने पछिल्लो व्यवस्थाले मर्दछ (2 कोरिन्थी 3:6)। येशूले भन्नु भयो, "यो मेरो नयाँ करारको रगत हो (लूका 20:20)।

एउटाले अर्कोको निम्ति प्रार्थना गर्न अनि साथीहरुलाई येशुको बारेमा मौलिक सत्यताहरु सिकाउनलाई योजनाहरु बनाउनको निम्ति दुइ वा तीनको झुण्डहरु बनाउनुहोस्।

1 कोरिन्थी 10:5-6 एकसाथ कण्ठस्थ गर्नुहोस्।

# मोशा अनि यहोशूलाई परमेश्वरले आनन्दमय सत्यताहरु जाहेर गर्नभयो

**प्रार्थना:** "सर्वशक्तिमान, अनन्तको परमेश्वर, तपाईलाई चिन्न अनि तपाईको पवित्रता र गौरवलाई आदर गर्न नानीहरुलाई मदत गर्नुहोस्।"

क्रियाकलापहरु चुन्नुहोस्, जो खाँचोहरु, तयारीको निम्ति चाहिने समय अनि नानीहरुको परिपक्वताको गुणसित मिलेको होस्।



एउटा बल्दैगरेको प्रोथ्राबाट परमेश्वर मोशासित कसरी बोल्नुभयो प्रस्थान 3:1-15 देखि ठूलो नानी वा शिक्षकलाई पढ्न दिनुहोस्। त्यसपछि तलका प्रत्येक प्रश्नहरु उपासनाको समयमा प्रौढ़हरुलाई सोध्न नानीहरुलाई नियुक्त गर्नुहोस्। प्रत्येक नानीहरुले प्रश्नको उत्तर जानेको हुनुपर्छ। [उत्तरहरु प्रत्येक प्रश्नको पछि देख्नु हुनेछ।]

- पोथ्राको विषयमा उदेकको कुरो के थियो? [त्यो जलीरहेको थियो तर नाश भएको थिएन]
- पोथ्राबाट मोशाले के सुने? [तिनको नाउँ बोलाइरहेको]
- मोशालाई तिनको नाउँ काड़ेर कसले बोलाए? [परमेश्वरले आब्राहम, इसाक अनि याकूबका परमेश्वर]
- मोशाले तिनको जुत्ता किन उतारे? [तिनी पवित्र भूमिमाथि उभिएका थिए।]
- परमेश्वरले मोशालाई के गर्नु भन्नु भयो? [राजा फिरऊन कहाँ जानु अनि परमेश्वरका लोगहरुलाई मिश्रबाट ल्याउनु।]
- परमेश्वरले उहाँको नाम के भन्नुभएको थियो? [म हूँ]



यर्दन नदी पार गरेको विषय यहोशू 3:14-4:7 देखि ठूला नानी वा शिक्षकलाई भन्न वा पढ्न लगाउनुहोस्। त्यसपछि भन, परमेश्वरले तिनीहरुकोनिम्ति महान कार्यहरु गर्नुभएको मानिसहरुले कसरी सम्झना गरे।

कथा सुनाए पछि,त्यी प्रश्नहरु सोध्नुहोस्। [उत्तरहरु प्रत्येक प्रश्नको पछि देख्न सक्नुहुन्छ।]

- कुन इस्राएलीहरु पहिले यर्दन नदीमा गए? [यहोशू 3:14 पढ्नुहोस्।]
- जब पुजाहारीहरुले संदुकलाई बोकेर नदी भित्र कदम हाले के भयो? [3:15]
- बाह्र कुलका अगुवाहरुले नदीको बिचदेखि के उठाए? [4:3]
- ढूंगाहरुको उद्देश्य के थियो? [4:6]
- अगुवाहरुले नदीदेखि ढुंगाहरु कहाँ राखे? [4:8]

यर्दन नदी पार गरेको विषयमा कथाको भागहरु नाटकीय ढंगमा ल्याउनुहोस्। यो छोटो नाटकलाई नानीहरुले प्रस्तुत गर्नलाई प्रौढ़हरु सित व्यवस्था मिलाउनुहोस्। यसलाई तयार पार्नमा ठूला नानीहरुले सानाहरुलाई मदत गरुन्।

**पावल-तिमोथी बालकहरुको अध्ययन बाइबल आधार शिक्षा, डी 4 बी.**

- ठूला नानीहरु वा प्रौढ़हरुले यहोशू अनि कथकको भागहरु खेलुन्।
- किशोर नानीहरुले इस्राएलीहरु, अगुवाहरु अनि पुजाहारीहरुको (जसले संदूकलाई प्रतिनिधित्व गर्ने कुनै थोक बोक्नु) पाठहरु गरुन्।

**कथकः** कथाको पहिलो भाग यहोशू 3:14-17 देखि भन्नुहोस्। त्यसपछि भन, "सुन्नुहोस् यहोशूले के भन्दछ।"

**यहोशूः** हामी यर्दन नदी पार गरेर जानेछौं, यो नदी बगुवा छ तर, परमेश्वरले हामीलाई सुखा जमिनबाट भएर डोरयाउनु हुनेछ। उहाँले के गर्नुहुन्छ हेर। पुजाहारीहरु, सन्दुक उठाऊ र पानीमा कदम हाल।"

**पुजारीहरुः** सन्दुक बोकेर नदीको विचमा रोकिन्छ। एकजनाले भन्छ, "हेर! नदी माथि उठदैछ, हामी देखि माथि बग्दैछ।"

**इस्राएलीहरुः** नदीलाई पार गर्दै पूजाहारीहरुलाई छोड़ेर अघि जानु। एकजनाले भन, "हेर! हाम्रा खुट्टाहरु सुखाछन्। हामी सुखा भूमिबाट भएर हिड्यौं।"

**कथकः** कथाको दोस्रो भाग यहोशू 4:1-7 देखि पढ़नुहोस्। त्यसपछि भन्नुहोस् "सुन्नुहोस् यहोशूले के भन्दछ।"

**यहोशूः** इस्राएलीहरु भए तर्फ पारी जाउ अनि भन, "हामीले नदी पर गर्‍यौं। कुलका प्रत्येक अगुवाले नदीको माझबाट एक एक वटा ढूंङ्गो उठाऊ जसले हामीलाई सम्झना गराउनेछ कि आजको दिन परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो।"

**अगुवाहरुः** पुजाहारीहरु उभिएको स्थानमा जान्छ। भारी ढूंङ्गो उठाएको बहना गरेर यहोशू भएको ठाउँमा जानु। एक जनाले भन्नु, "यो ढूङ्गो सह्रै भारी छ। यसले एउटा असल स्मृति चिन्ह हुनेछ।

**यहोशूः** "हाम्रा छोरा-छोरीहरुले सोध्नेछन्, 'यी ढुङ्गाहरुको थुप्रोको अर्थ के हो?' हामीले आजको दिन बारे बताउनेछौं। परमेश्वरको महान कार्यहरुको हामी सम्झना गर्नेछौं।"

**कथकः** जतिले सहयोग गरे धन्यवाद टक्रयाउनुहोस्।

यदि नाटक प्रौढ़हरुका निम्ति नानीहरुले प्रस्तुत गर्दछ भने तिनीहरुले प्रौढ़हरुलाई प्रश्नहरु पनि सोद्युन्।

ढुङ्गाहरुको थुप्रोभएको एउटा चित्र साना नानीहरुलाई बनाउन दिनुहोस्। तिनीहरुको चित्र अर्को आराधनाको समयमा प्रौढ़हरुलाई देखाउन सक्छन् अनि यसले हामीलाई पनि गीत कथाहरु र अन्य विषयहरुद्वारा परमेश्वरले हामी प्रति के गर्नु भएको छ भनी उदाहरण दिदंछ भनी बुझाउन लगाउनुहोस्।



ढुङ्गाको थुप्रो बाहेक अरु कुनै तरीकाले स्मारक बनाएर हामी इसाईहरुले परमेश्वरको कार्यहरु सम्झना गर्न सक्छौं भनी सोध्नुहोस् उदाहरणहरु मानिसहरुले छलफल गरुन्।

कविता। चार जना नानीहरुले एक एक पद गरी भजन संग्रह 145:4-7 बाट अरु नानीहरु र प्रौढ़हरु को निम्ति आराधनाको समय पाठ गर्न लगाउनुहोस्।

किशोर बालकहरुले फिलिप्पी 4:4 कण्डस्थ गरुन्।

ठूला नानीहरुले व्यवस्था 8:3 कण्डस्थ गरुन्।

परमेश्वरले गर्नुभएको महान कुरोहरु जसलाई हामीले संझना गर्नुपर्छ त्यसबारे ठूला नानीहरुलाई कविताहरु वा गीतहरु लेख्न दिनुहोस्।

**प्रार्थनाः** "प्रिय पिता, तपाईले हाम्रो निम्ति धेरै उदेकका कामहरु गर्नुभएको छ। हामीलाई ती सबै सम्झना गर्न अनि त्यसको निम्ति तपाईलाई सदा प्रशंसा दिन मदत गर्नुहोस्। तपाईका ती गुणहरुको सम्झना गर्न हामीलाई व्यवहारीक तरीकाहरु प्रदान गर्नुहोस्।"


# आराधनाको समयमा विश्वासीहरुलाई बाइबलको आधारमा सिकाउनु

नानीहरुलाई सिकाउनेले अध्ययन पी. 7 बी पढ्नु पर्छ।

**प्रार्थना:** "प्रभु, येशू अनि उहाँका प्रेरितहरुले गरे झैं हामीलाई पनि त्यसप्रकारले सिकाउनमा मदत गर्नुहोस्।

स्थानीय रिवाज अनि वर्तमान खाँचोहरुमा मिल्ने क्रियाकलाप चुन्नुहोस्।

## 1. नयाँ नियमको आवश्यकता अनुसार सिकाउनलाई तयारी गर्नु



परमेश्वरले उहाँको बचनलाई तरवार सित कसरी दाँज्नु हुन्छ हिब्रू 4:12 मा पाउनुहुन्छ।

मत्ती 13 अध्याय देखि शिक्षणको निम्ति मार्गनिर्देशनहरु प्राप्त गर्नुहोस्।

यो येशू सिकाउनलाई पुल्पीटमा उभिनु भयो पद 1-2 या पाउनुहुन्छ।

[उत्तर: येशू सिकाउनलाई संधै झैं बस्नु भयो। कहिले कहीं उहाँ डुङ्गामा बस्नुहुन्थ्यो। मानिसहरु जहाँ छन् त्यहाँ सिकाउनु हुन्थ्यो, कुनै कक्षा मित्र होइन। चेलाहरुले उहाँको नमूनाबाट उहाँमा गोठालाको दक्षतालाई देखे जो तिनीहरुले सजिलै सित नकलगर्न सके। असल गुरुहरुले त्यसरीनै गर्दछन्।

चेलाहरुलाई सिकाउने येशूको प्रणाली पद 10-11 र 36 मा पाउनु हुन्छ।

[उत्तर: येशुले चेलाहरुको प्रश्नहरु सुन्नुहुन्थ्यो अनि तिनीहरुसित बाद-बिवाद गर्नुहुन्थ्यो। उहाँले झुण्डमा भएका मानिसहरुको आत्मिकी स्तरलाई ध्यानमा राखेर उहाँले शिक्षाको ढाँचा अपनाउनु हुन्थ्यो।]

एउटा भीड़लाई सिकाउने येशूको प्रणाली पद 10-11 र 36 मा पाउनुहुन्छ।

[उत्तरहरु: येशूले परमेश्वरका सत्यताहरुलाई कथाहरुद्वारा उदाहरणहरु दिनु हुन्थ्यो। मानिसहरुले कथाहरु सहजैसित यादगर्न सक्थे अनि अरुलाई बताउन सक्थे। येशूले मानिसहरुलाई बहस गर्नलाई सोध्नु भएन। असल शिक्षकहरुले नयाँ विश्वासीहरु तयारी नभइञ्जेल कुराहरु गर्नलाई प्रोत्साहित गर्दैनन्।



विशेष खबर: एकालापहरु छोड्नुहोस (कुराहरु गरीबस्ने)। पुल्पिटको भाषणकला नयाँ बगालहरुको निम्ति नयाँ अगुवाहरुलाई उचित हुँदैन्। यदि तिनीहरुले जे पाए त्यही बोलेमा तिनीहरुलाई दुष्टले घमण्ड गर्न सुरुयाउँछ अनि विश्वासीहरुलाई गाली गर्दछन् अनि निरूत्साहित बनाउँदछन्। एकार्का सित गर्ने 38 वाट क्रियाकलापहरु नयाँ नियमले दिएकाछन्। घेरै क्रियाकलापहरु घेरै पल्ट दोहोरीएका छन्। क्रियाकलापहरुमा एकार्कासितको संगती, क्षमा गर्ने, दोषहरु मानीलिने, एउटाले अर्कोको सुधार गर्ने जस्ता विषयहरू समावेशछन्। यस्ता पारस्परिक क्रियाहरू स-साना झुण्डहरुमा मात्र असल हुन्छन्।

यदि कैसले वचन सुन्दछ भने पवित्र आत्माले सबैमा एउटै असर पार्नुहुन्छ पदहरु 12-17 मा पाउनुहुन्छ।



**उसको क्रोधित प्रचारले मलाई अहोत्साहीत गरे। तिनले नयाँ नियमले भने अनुसार सिकाउनु पर्छ, हामीलाई प्रश्न गर्नु दिनुपर्छ। कलस्सी 3:16 ले भन्दछ हामीले एउटाले अर्को लाई सिकाउनु पर्छ।"**

एउटा बिउ छर्ने मानिसको बारेमा येशूको कथाको अर्थ पद 18-23 मा पाउनुहुन्छ।

[उत्तर: परमेश्वरको वचनले हाम्रो हृदयमा जरा गीड़न देऊ अनि पवित्र आत्माले त्यसलाई फल फलाउने बनाउने छ।]

सत्य शिक्षालाई छुटयाउन हामीलाई आत्माको प्रकाशको किन आवश्यकता पर्छ, पदहरु 24-30 र 37-43 मा पाउनुहुन्छ।

एउटा सानो शिक्षाबाटनै लाभहरु हुन सक्दछ, पद 31-33 मा पाउनुहुन्छ।

परमेश्वरको वचनलाई ग्रहण गरेको अन्तिम प्रतिफल तिरस्कार सित दाँजेर हेर्दा, पद 44-50 मा पाउनुहुन्छ।

यदि शिक्षकहरुले विभिन्न श्रोतहरु प्रयोग गर्नुपर्छ भने, पद 52 मा हेर्नुहोस्।

[उत्तर: येशुले सामान्य पाठशाला को तरिकाहरु प्रयोग गर्नु भएन, विश्लेषणात्मक प्रणाली जसले एउटा सिधान्तको शुद्ध सुचिहरु बारे बैग्ला बेग्लै विवरणहरु प्रस्तुत गर्दछ। येशूले पुरानो अनि नयाँ करारहरु, इतिहास देखि वर्तमान जीवनलाई एउटै बनाउनुभयो। जब यसलाई हामीले एउटै रुपमा देख्दछौं तब हामीले परमेश्वर अनि उहाँको सत्यतालाई अझ राम्ररी बुझन सक्छौ, उहाँ परमेश्वर अत्ति क्रियाशील, अत्तिनै नजिक हुनुहुन्छ। (छुट्टै स्वभावहरु अनि कामहरुको सुचीहरुमा छुटाउनलाई) त्यो एउटा चित्रको सुन्दरतालाई त्यस्को रंगहरुको रसायनीक श्रृङ्गार विश्लेषण गरेर कदर गर्ने प्रयासझैं हो।

मानिसहरुले उहाँको शिक्षालाई प्रयोगमा ल्याएका छन् भनि येशुले कसरी पक्का गर्नुहुन्थ्यो पद 51-52 मा पाउनुहुन्छ।

[येशुले प्रश्नहरु सोध्नु हुन्थ्यो। उहाँ अनि उहाँका चेलाहरु सुन्नेहरुले कत्ति बुझेका छन् भनी पत्ता गर्नलाई तिनीहरुसित बात गर्थे। असल शिक्षकले शिक्षाको छलफल गर्न अनि त्यसलाई प्रयोगमा ल्याउने योजना गर्नमा विश्वासीहरुलाई मदत गर्दछन्।]

चार बाइबल तर्क प्रश्नहरु सोधेर बाइबलको मूलपाठ छल-फल गर्नलाई मानिसहरुलाई मदत गर्नुहोस्।

1. मूलपाठ बारे तपाईलाई के मन परयो?
2. यस संदर्भमा तपाईको के प्रश्नहरु छन्?
3. यसमा तपाईले कस्तो प्रतिज्ञाहरु र आज्ञाहरु पाउनु भयो?
4. यसलाई प्रयोगमा ल्याउनलाई के गर्नु पर्छ भनि के योजना बनाउने?

शिक्षणको उदेश्यलाई एफिसी 4:11-16 मा सिक्नुहोस्:

असल शिक्षणको परिणाम स्वरुप कसले बगालहरुको सेवा गर्नपर्छ पद 11-12 मा पाउनुहुन्छ।

असल शिक्षकको परिणाम स्वरुप विषयहरु उत्पन्न हुँदछ पद 13-16 मा पाउनुहुन्छ। अरु क्रियाकलापहरुको साथमा परमेश्वरले चाहनु भएको चर्चलाई कुन तरिकाले तालिम गरेकाछन् त्यो पनि पाउनुहुन्छ।

**2. हप्ता भरी गर्ने क्रियाकलापहरुक्रो योजना तपाईको सहकर्मीहरुसित गर्नुहोस्।**

नयाँ शिक्षकहरुलाई तालीम दिनुहोस्। माथीका मार्गनिर्देशनको सुचिअनुसार चल्नुहोस्। उपासना अनि घरहरुमा सिकाउँदा तिनीहरुलाई मदत गर्न दिनुहोस्।

नयाँ मण्डलीमा यी मार्ग निर्देशनहरु पालन गर्नलाई तपाईले उपदेश दिदै गर्दा कार्यकर्ताहरुले मदत गरून्।

मानिसहरुको घर भ्रमण गर्नुहोस् अनि तिनीहरुको खाँचो र प्रश्नहरु पत्तो लगाउनुहोस् जसमा त्यसबारे तपाईले सिकाउन सक्नुहुन्छ।

**3. अर्को उपासनाको समयमा के गर्नु पर्ने तपाईको सहकर्मीहरु सित योजना गर्नुहोस्।**

परमेश्वरको वचन कसरी तरवार जस्तो छ बुझाउनुहोस् (हिब्रू 4:12)।

तपाईले मत्ती 13 अध्यायमा पाउनुभएको शिक्षणको मार्ग निर्देशनलाई बुझाउनुहोस्।

मत्ती 13 अध्यायमा भएको एक वा धेर उखानहरुलाई सुनाउनुहोस् वा अभिनय गर्नुहोस्, त्यसपछि बाइबलको अंश छलफल गर्नमा तिनीहरुलाई मदत पुरयाउन माथि दिइएका चार प्रश्नहरु मानिसहरुलाई सोध्नुहोस्।

नानीहरुले तयार पारेका जे छन् प्रस्तुत गर्न लगाउनुहोस्।

प्रभु भोज लिनभन्दा पहिले 1 राजा 8:10-13 बाट राजा शुलेमानले परमेश्वरको मन्दिर सर्म्पण गरेको बारे पढ्नुहोस्। हामी ईसाईहरु परमेश्वरका मन्दिरहरु हौं, किनभने उहाँ पवित्र आत्मा हामी भित्र बास गर्नुहुन्छ (1 कोरिन्थी 3:16)।

जुन व्यक्तिले परमेश्वरको वचन तिनीहरुको परिवारहरुमा वा अरु मानिसहरुको घरहरुमा सिकाउँदछ, ती मानिसहरुले तिनीहरुको जीवन परमेश्वरले कसरी परिवर्तन गर्नुभयो सुनाउन लगाउनुहोस्।

कलस्सी 3:16 एक साथ कण्ठस्थ गर्नुहोस्।

# एक शिक्षकले सिकाउन चाहेनन्

**प्रार्थनाः** "प्रिय प्रभु, नानीहरुलाई परमेश्वरको प्रेम बुझ्नलाई मदत गर्नुहोस्। तिनीहरुले सबै देशका दुष्ट मानिसहरुलाई प्रेम गर्न अनि परमेश्वरले तिनीहरुको परिवर्तनमा सहयोग पुरयाउन कार्यकर्ताहरु पठाउनु हुन्छ भनी बुझ्नलाई मदत गर्नुहोस्।

नानीहरुले सिक्ने कुनै पनि क्रियाकलाप चुन्नुहोस् जो तिनीहरुको उमरे र खाँचो अनुसार सुहाउँदो होस्।

योनाको कथा, योना 1 अध्याय, 2 अध्याय 1 र 10 पद अनि 3 अध्याय बाट ठूला नानी वा शिक्षकले पढ़ी दिऊन वा सुनाउन्।

परमेश्वरले योनालाई एक शिक्षक बनाएर अर्को देशका दुष्ट मानिसहरूलाई परिवर्तन गराउन अनि विश्वास दिलाउनलाई पठाउनु भएको थियो। शिक्षकले ती मानिसहरुलाई प्रेम नगरे तापनि परमेश्वरले तिनीहरुलाई प्रेमगनु हुन्थ्यो।

यी प्रश्नहरु गर्नुहोस्। [उत्तरहरु प्रत्येक प्रश्नको पछि देख पर्नेछ।]

- परमेश्वरले आँधी किन पठाउनु भयो? [योना 1:3-4]
- आँधीको बारेमा कप्तानले के गरून् भनेर योनाले बताए? [योना 1:12]



- जब नाविकहरुले योनालाई समुन्द्रमा फाले तिनी किन डुबेनन्? [योना 1:17]
- योनाको उपदेश सुनेर निनवेका राजाले के गरे? [योना 3:6-8। तिनले पश्चताप गरे अनि तिनका मानिसहरुलाई पश्चताप गर्नलगाए।]

पश्चतापको अर्थ पापहरुबाट फर्की आउनु अनि परमेश्वरको आज्ञा पालन गर्नु हो भनी बुझाउनु होस्। उहाँको पवित्र आत्माले त्यो काम गर्नलाई हामीलाई मदत गर्नुहुन्छ।

- जब निनवेका मानिसहरुले पश्चताप गरे परमेश्वरले के गर्नु भयो? [योना 3:10]

योनाको कथाको भागहरु नाटकमा उतार्नुहोस्। यो छोटो नाटकलाई प्रस्तुत गर्न नानीहरुको निम्ति उपासनाका अगुवाहरुले व्यवस्था मिलाउनुहोस्। नाटक तयार पार्नलाई नानीहरुसित तपाईको समय बिताउनुहोस्। ठूला नानीहरुले साना नानीहरुलाई तयार पार्न मदत गरुन्।

- यदि सबै भागहरुको निम्ति पर्याप्त मात्रामा नानीहरु छैनन् भने कथकले कसैको पाठ बताउन सक्छ अनि त्यसलाई ढ़ीदेऊन।
- ठूला नानीहरु वा प्रौढ़हरुले परमेश्वरको आवाज, योना अनि कथकको भागहरु गरुन्।
- किशोर नानीहरुले नाविकहरु, विराट माछा (वेल माछा) अनि निनवेका राजाको पाठहरु खेलुन।

**कथकः** कथाको पहिलो भाग योना अध्यायबाट सुनाउनुहोस्। त्यसपछि भन्नुहोस्, "सुन्नुहोस् परमेश्वरले के भन्नुहुन्छ।"

**परमेश्वरको आवाजः** "योना, निनवेका मानिसहरुकहाँ जाऊ किनकि तिनीहरुले दुष्ट कामहरु बन्द गर्नै पर्छ।"

**योनाः** "म ती मानिसहरुलाई घृणा गर्छु, म अर्कै दिशा तिर जहाजबाट भएर जानेछु।"

**नाविकहरुः** जहाजमा भए झैं घुम्नु। यस्तो प्रकारले कराऊः

"यो नराम्रो आँधी हो।"

"हवाले जहाज डुबाउँदैछ।"

"छालले हामीलाई डुबाउनेछ।"

**योनाः** निन्द्राबाट उठेको झै बहना गर्ने। कराऊ! "परमेश्वर म देखि रिसाउनु भएकोछ। मलाई समुन्द्रमा फालीदेऊ तब मात्र यो शान्त हुनेछ।"

**विराट माछाः** योनातर्फ पौरन्दै गरेको बहना गर्नु। भन "यो मान्छे हेर्नमा हाँसउठदो छु, तर म भोकाएको छु, यसैले म त्यसलाई खानेछु।" (तिनलाई निलेको बहना गर्नु।)

भन, "अहो, कस्तो प्रकारले मेरो पेट दुःख्दैछ। म त्यसलाई उल्टी गरेर बाहिर निकालीदिन्छु।"

**कथकः** कथाको दोस्रो भाग सुनाउनुहोस् (योना 2:1-10 अनि अध्याय 3)। त्यसपछि भन्नुहोस्, "सुन्नुहोस् परमेश्वरले के भन्दछ।"

**परमेश्वरको आवाजः** कराएर, "योना निनवेमा जा!"


**योनाः** हिचकिचाउँदै, निनवेका मानिसहरु तर्फ बढ्छ। रिसाएर कराऊ, "पश्चताप गर नत्र भने परमेश्वरले तिमीहरुको शहरलाई नाशगर्नु हुनेछ।"

**राजाः** लुगा च्यातेको बहनागर्नु, भूईमा बस र भन, "हामी पश्चताप गर्छौं। हामी सबै जना।"

**परमेश्वरको आवाजः** "म खुशीछु किनभने तिमीहरुले पश्चताप गर्‍यौ। म तिमीहरुलाई प्रेम गर्दछु। म तिमीहरुलाई नाश गर्नेछैन्।"

**कथक वा ठूलो नानीः** नाटकमा मदतगर्ने जति सबैलाई धन्यवाद टक्राउनुहोस्।

**प्रश्नहरुः** यदि नानीहरुले यो नाटक प्रौढ़हरुको निम्ति प्रस्तुत गरे, प्रौढ़हरुलाई तिनीहरुले माथि सुचित गरीएको प्रश्नहरु सोद्युन।



एउटा विराट माछाको चित्र नानीहरुलाई बनाउन लाउनुहोस्। अराधनाको समयमा चित्रहरु प्रौढ़हरुलाई देखाई दिऊन अनि परमेश्वरले कसरी अर्को देशका मानिसहरुलाई प्रेम गर्नुहुन्छ, हामीले गरेनौं भने देखि पनि, उदाहरणहरुको साथमा बुझाउन लगाउनुहोस्। उहाँले हामीलाई तिनीहरुसित बात गर्नलाई अनि पश्चताप गराउनलाई अनि येशूमा विश्वास दिलाउनलाई पठाउनुहुन्छ।

यदि कुनै निपुण शिक्षक पश्चतापको बारेमा बुझाउनलाई त्यहाँ छैनन् भने, एउटा दुष्ट व्यक्ति जसले पश्चताप गरे अनि परमेश्वरमा

फर्केत्सस्ता उदाहरणहरु दिन नानीहरुलाई भन्नुहोस्।

इजकिएल 14:6 कण्ठस्थ पार्नुहोस्: "इस्राएलका घरानालाई भन, 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, पश्चाताप गर। आफ्ना मुर्तिहरु देखि फर्किआऊ, औ आफ्ना सबै घिनलाग्दा कामहरुबाट आफ्ना मोहोड़ा फर्काऊ।"

**कविता।** चार जना नानीहरु प्रत्येकले एक पद गरी योना 2:2,3,5 र 6 पाठ गर्नलगाउनुहोस्।



**मैले आफ्नो संकष्टको कारणले गदी प्रभुमा पुकारा गरें, र उहाँले मलाई जवाफु दिनुभयो। पातालको पेटबाट म कराँए, र तपाईले मेरो शब्द सुन्नुभयो।**

**तपाईले मलाई गहीरोभित्र, समुन्द्रको मुटुमै फालिदिनुभएको थियो, र छालहरु मेरा चारैतिर थिए।**

**तपाईका भयंकर छालहरुले मलाई डुबाए।**

**पानीले मलाई मेरो प्राण सम्मै घेर्‍यो गहीरो सागर मेरो चारैतिर थियो, मेरो टाउकोभरि समुन्दका झ्याऊहरु बेहेरिएका थिए।**

**मता डाड़ाहरुका फेदीसम्मै तल पुगे, पृथ्वीले त्यसका बारहरुद्वारा मलाई सदाको निम्ति थुनिदियो, तैपनि, हे परमप्रभु, मेरा परमेश्वर, तपाई मेरो ज्यानलाई उठाएर पातालबाट ल्याउनुभयो।**

पश्चताप अनि परमेश्वरको क्षमाशीलता बारे ठूला नानीहरुलाई कविता वा गीत लेख्न लगाउनुहोस्।

**प्रार्थना:** "प्रभु, पृथ्वीमा भएका सबै मानिसहरुलाई तपाईले प्रेम गर्नुहुन्छ, हामीलाई घृणा गर्नेलाई पनि। हामी तिनीहरुको निम्ति प्रार्थना गर्दछौं कि येशूको बारेमा तिनीहरुलाई सुनाउन दूतहरु पठाउनुहोस्। मानिसहरुलाई प्रेम गर्न अनि जो हामी भन्दा भिन्दै छन् तिनीहरुलाई तपाईको संदेश पुरयाउनमा हामीलाई मदत गर्नुहोस्।"